Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- ४, २०७७ साल साउन २७ गते मंगलबार (Aug 11, 2020) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# कोरोनाको हल्लाले बिपन्न बर्गको बिजोग

- सरकारले घोषित गरेको कार्यक्रम प्रभावकारी हुन सकेन ।
- स्थानीय निकायहरुको काम गराई समय मिल्दोजुल्दो छैन ।
- किसानले लकडाउनको बाहानामा मल पाएनन् ।

कोरोनाको सही उपायहरु नअपनाएर हल्ला खल्ला बढी र ब्यवस्थापनमा ध्यान नदिदा बिपन्न बर्ग जो काम नगरीकन खान पाउदैनन् । ति बर्गका मानिसहरुको बिजोग हुन थालिसकेको छ ।

बिश्वमा फैलदै गएको कोरोनाको महामारी नेपालमा पनि फैलन्छ भनेर हल्ला गरिएको थियो । नेपालका नेपालीहरु पनि डराएर आ-आफ्नो तरिकाले सुरक्षित हुन थालेका थिए जो काठमाडौं शहर लगायतवाट गाउँ गाउँमा र पातला बस्तीहरुमा मानिसहरु गएका थिए । ति ठाउँहरुमा जिम्मेवार निकायहरुले त्यति नै वेला ति मानिसहरुको ब्यवस्थापन गर्नुपथ्र्यो र ति दशकौदेखि रित्तिएका गाउँहरुमा मानिसहरुको उपस्थिति हुदा यो मौकामा रोजगारका कार्यक्रम ल्याएर जो गाउँमा होस वा शहरमा जाहा गएपनि काम नगरेसम्म एक छाक खान नपुग्ने बर्गलाई प्रोत्साहन गरी उत्साह थप्नुपथ्र्यो । त्यस्तो खालको कार्यक्रम कतै देखिएको छैन । त्यसको असर अहिले यतिवेला जताततै पर्न थालेको छ ।

कोरोनाको संक्रमण नेपालमा त्यति डरलाग्दो नभएपनि सतर्क अपनाउनु बुद्धिमानी हो । तर यतिवेला कोरोनाको संक्रमणले भन्दा भोकले मानिसहरु मर्न सक्ने आकलन गर्न थालिसकिएको छ । मानिसहरुसँग भएको सामल, तुमल, नगद, जिन्सी सवै सकिदै गएको छ । त्यसले मानिसहरुमा मानसिक तनाव उत्पन्न हुदा कतिपयले आत्महत्या गरेको कोही घरवाट हराएको जस्ता समाचार दिनानु दिन बढ्दो छ । यो समस्या अझै बढ्ने देखिन्छ । सरकारले घोषित गरिसकेको कार्यक्रम सहुलियतदरको रिन, कृषिमा अनुदान जस्ता कार्यक्रमले खासै कतैपनि समेटेको देखिएको छैन । स्थनीय सरकारले सहकारीहरुलाई दुई प्रतिशतमा सहुलियतपुर्ण रिनको अवसर दिने घोषणा भएको भएपनि त्यो काही कतै प्रभावकारी भएको देखिदैन । गाउँमा गाउँ फर्केका मानिसहरुलाई गाउँमै बस्ने बातावरण बनाउन र सामाजिक रुपमा संस्कार बसाउन पनि उत्तिकै आवाश्यक देखिन्छ । किनकि कतिपय मानिसहरुले कमजोर अवस्थामा खिसी टिउरी गरेर अभावमा बाचेका घर परिवारलाई अपमान गरेको महसुस गरेभने त्यो समाजप्रति उनिहरुमा घृणा पैदा हुन्छ र तिनीहरुले पनि भोलि त्यस्तै संस्कार सिक्न सक्छन् । यस्ता सामाजिक बिकृतिहरुलाई पनि रोक्न सचेतना कार्यक्रम ल्याउनु पर्छ । यस्ता कार्यक्रम पनि कतै देखिएको छैन ।

संक्रमणकालीन अवस्थामा बिभिन्न यस्ता प्रतिकात्मक घटना घट्न सक्छन् । यो समयमा सवैभन्दा सजग नागरिकहरु हुनुपर्छ हामी नेपाली नागरिकहरुले गर्ने हरेक बानी र संस्कारले प्रत्येक्ष अप्रत्यक्ष असर पुर्‍याईरहेको हुन्छ । त्यसकारण बिपन्न, उपल्लो बर्ग जो भएपनि आत्म दरिलो पारेर यो संक्रमणलाई जित्न प्रयास गर्नुपर्छ । भएका बाँकी ८ पृष्ठमा

## हामी १३ बर्षको यात्रामा निरन्तर

जनआकाश साप्ताहिक प्रकाशन गर्न थालेको आज १३ औं बर्षमा प्रवेश गरेका छौ । यो यात्रामा सँगसँगै हिड्न सहयोग पुर्‍याउने बौद्धिक जगत, सम्पादक, संवादाताहरु, स्तम्भकारहरु, जनआकाश साप्ताहिकको सधै हित चिताएर लेख, रचना पठाउनुहुने लेखकहरु बजार प्रतिनिधिहरु, ब्यवस्थापन टिम, साथै बिज्ञापनदाता, सल्लाहकार टिम, सधै जन आकाश प्रकाशनकालाई माया गरेर नियमित ग्रहक बनि प्रोत्साहन थप्ने ग्रहक बर्गहरु तमाम सवैको साथ र सहयोगले नै हामी १३ बर्षसम्म अनवरत आम सञ्चारको क्षेत्रमा सेवा गर्न सकेका हौ ।

यो सहयोग निरन्तर रहनेछ भन्ने बिश्वास गर्दै हामीले १३ बर्ष अगाडी

## प्रकाशकीय

शुरु गरेको जन आकाश साप्ताहिक प्रकाशनवाट समयको मागसँगै अनलाईन सस्करण,www.janaakash.com.np को अलवा साहायक प्रकाशनहरु प्रमोटर मार्षिक, ब्यवसायी आवाज, बैदेशिक रोजगार समेत प्रकाशनमा ल्याएका छौ । आउदा दिन हाम्रालागि अत्यन्तै चुनौतिपुर्ण छन् । हाम्रो देशका सिमानाहरु मिचिएका छन् । समाजभित्र धेरै खालका असमानताहरु आजसम्म पनि बाकी नै छन् । देशका हरेका क्षेत्रमा रहेका सत्य तथ्य प्रकाशमा नआउदा मानिसहरुमा चेतनाको उज्यालो बन्न सकेको छैन । यस्ता चुनौतिलाई सामना गर्दै छिटो छरितो सत्य तथ्यमा आधारित बिश्वसनीय समाचारहरु प्रकाशन गरेर पहिलो राष्ट्र अनि मात्र अन्य बिषय भन्ने उदेश्यका साथ स्थापना भएको जन आकाशले गरेका प्र्यास र पाठकहरुलाई दिएको सत्य तथ्य जानकारीले नेपालका नेपालीहरुमा ल्याईदिएको जागरुकता, राष्ट्रवादी भावना, सदभाव एकता धार्मिक सहिष्णुता कायम भई नेपालीहरुको एकताले नेपाल बाँकी ८ पृष्ठमा

# रामेछाप नपाका प्रशासकीय अधिकृत दिपेन्द्र पौडेलाई भव्य बिदाई

रामेछाप । रामेछाप नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत दिपेन्द्र पौडेललाई एक कार्यक्रम आयोजना गरी भव्य बिदाई गरिएको छ । रामेछाप नगरपालिकाको आफ्नै भवनमा कार्यक्रम गरी पौडेललाई बिदाई गरिएको हो ।

बिदाई कार्यक्रमका सभा अध्यक्ष समेत रहनु भएका नगरपालिकाका प्रमुख (मेयर) नर बहादुर थापामगरले बिदाई तथा शुभकामना दिने क्रममा सञ्चारकर्मी मार्फत संघीय सरकारलाई दिपेन्द्र पौडेल जस्तो कुशल, दक्ष, असल, र जवाफदेही प्रशासकीय अधिकृतहरु देशैभरीका स्थानीयमा पठाए मात्र संघीयता सफल हुन्छ । भन्दै बिगतमा अन्य प्रशासकीय अधिकृतहरु हुदा काम गराईमा नगरपालिकाले अप्ठ्याराहरु बेहोरेको तितो अनुभव र दिपेन्द्र पौडेल रामेछाप नगरपालिकामा आएपछिको काम गराई नगरपालिकाले छोटो समयमा गरेको प्रगति आकाश जमिन फरक छ । हामी जन प्रतिनिधिले सवै कुरा बुझेका भन्ने कुरा हुदो रहेनछ हामीले नबुझेका कुरा समेत हामीलाई जानकारी गराएर, बुझाएर काम गर्दा नगरपालिकाको बिकाश गर्न सजिलो भएको थियो । तर अपसोच एक कुशल प्रशासकीय अधिकृतको सरुवा हुदा



नगरपालिका दुखि भएको समेत मेयरले कार्यक्रममा बताउनु भएको थियो ।

यो रामेछाप नगरपालिको लागि दिपेन्द्र पौडेल प्रशासकीयको ९ महिनेकाल सुनौलो रहको भनि प्रशंसा गर्नुभएको थियो ।


त्यसैगरी नगर पालिकाकी उपप्रमुख सृजना खड्काले प्रशासकीय अधिकृतको सुस्वाथ्य , प्रगति र आउदा दिनमा रामेछापको सिडियोको रुपमा आएर रामेछापको बिकाशमा काम गर्ने अवसर होस भन्ने कामना गर्नुभएको थियो । कार्यक्रमलाई आकर्षण ढंङगवाट सञ्चालन गर्नुभएका नगरपालिकाका अधिकृत बाँकी ८ पृष्ठमा

# कोरोनाबाट थप चारको मृत्यु, ३३८ नयाँ संक्रमित

काठमाडौं । नेपालमा पछिल्लो २४ घन्टामा थप चार जनाको कोभिड-१९ संक्रमणबाट मृत्यु भएको छ । मृत्यु हुनेमा दुई महिला र दुई पुरुष छन् । बाँकेको कोहलपुर नगरपालिका-२ का ७० वर्षीया महिलाको नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा उपचारका क्रममा आइतबार मृत्यु भएको हो ।

पर्साको देवयानी गाउँपालिका १५ का ४५ वर्षीय महिलाको पनि कोभिड संक्रमणका कारण आइतबार नै नारायणी अस्थायी कोभिड अस्पतालमा मृत्यु भएको स्वास्थ्य तथा जनसत्या मन्त्रालयका प्रवक्ता प्राडा जागेश्वर गौतमले जानकारी दिनुभयो । यसैगरी काठमाडौँ महानगरपालिका-१० मध्यबानेश्वर बस्ने ७६ वर्षीय पुरुषको आज मेडिकेयर अस्पतालमा र कीर्तिपुर नगरपालिका ट्याङ्लाफाँट बस्ने ६४ वर्षीय पुरुषको पनि कोरोना भाइरसका कारण मृत्यु भएको मन्त्रालयले जनाएको छ । यससँगै नेपालमा कोरोना भाइरसका कारण मृत्यु हुनेको सत्त्या ७९ पुगेको छ । मुलुकका विभिन्न प्रयोगशालामा गरिएको आठ हजार ४३४ नमूना परीक्षणमा आज कुल ३३८ नयाँ संक्रमित थपिएको मन्त्रालयले जनाएको छ । आज सबैभन्दा बढी बाँकेमा ६३ जना नयाँ संक्रमित थपिएका छन् । यस्तै काठमाडौँ उपत्यकामा ४४ जनामा संक्रमण पुष्टि भएको छ । काठमाडौँमा ३६, ललितपुरमा चार र भक्तपुरमा चार जनामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ ।

रौतहटमा ३१, मकवानपुरमा २३, पर्सामा २२, सर्लाहीमा २१, दैलेखमा १७, मोरङ र प्युठानमा १५/१५, धनुषामा १३, कपिलवस्तुमा ११, कैलाली र सल्यानमा सात/सात, सिन्धुलीमा छ, दाङमा पाँच, नुवाकोटमा चार, महोत्तरी, बारा र गोरखामा तीन/तीन, खोटाङ, तनहुँ, बर्दिया र नवलपरासी पूर्वमा दुई/दुई तथा झापा, सिन्धुपाल्चोक, अछाम, अर्घाखाँची, बागलुङ, चितवन, पाल्पा, रामेछाप, स्याङ्जा, रूपन्देही, रोल्पा, सुर्खेत, बैतडी र बझाङमा एक/एक संक्रमित थपिएका मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घन्टामा १४० जना कोरोना जितेर डिस्चार्ज भएका छन् । यससँगै हालसम्म कोरोना संक्रमणमुक्त हुनेको सत्त्या १६ हजार ४९३ पुगेको छ । जुन ७०.७ प्रतिशत हो । धनकुटा, सत्तुवासभा, मनाङ, मुस्ताङ, डोल्पा बाँकी ८ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### स्थानीय सरकार र केन्द्रीय सरकार बीचको समन्वयको अभाव

### विकास निर्माण प्रभावित

नेपालको पछिल्लो नयाँ संविधान २०७२ लागु भएपछि देशमा तिन तहको सरकारको अवधारणा अन्तर्गत राज्य संञ्चलन भईरहेको छ । यि तिन तहको समन्वय नहुदा देशको विकास र अन्य प्रशासनिक संयन्त्रमा समेत बेलाबेलामा अलमल हुदा बिकासका कामहरु प्रभावित हुदै आएका छन् । प्रदेशले गर्ने कामहरु एकिन नहुदा झनै अलमलको चाङ बढेर गएको देखिन्छ । प्रदेशले आफनो मातहतमा रहेका क्षेत्रभित्र काहा, के, के गर्ने भनेर स्पष्ट नीति तय गरेको देखिदैन । प्रदेशमा केन्द्रले छुट्याएको बजेट कार्यन्यन गर्नेसम्म काम गर्न सकेको छैन ।

जस्तै ३ नं प्रदेशको जिल्लाहरुमा २०७२ को नयाँ संविधान बन्नुभन्दा पहिलाका सडक योजनाहरु ग्रवेल भएका जति कालोपत्रे गर्ने योजनामा थिए । तर नयाँ संविधान सँगै ति सडकहरु अलपत्र परेका छन् भने कतिपय प्रदेशको बजेडवाट आशिंक काम भएको पनि पाईएको छ । यसलाई कछुवा गतिको बिकास मान्न सकिन्छ । यो काम गराईवाट स्थानीय सरकार र केन्द्रीय राजधानी काठमाडौंसँग जोडिने बाटो हिड्दा अधिकांश जनताहरु सन्तुष्ट छैनन् । हुनत अहिले कोरोनाको महामारी पछि लामो दुरीको यात्रा मानिसहरुले गरेका छन् जतिले यात्रा गर्नेगरेका छन् । ति मानिसहरुको यात्रा कष्टपुर्ण रहदै आएको छ ।

हुनत मानिसहरुले सिंहदरवार घरघरमा भनेको सुन्दा राम्र् काम भएछ कि क्या हो जस्तो लाग्थ्यो तर भौतिक पुर्वधार र बिकासको गतिलाई हेर्ने हो भने खासै प्रगति भएको पाईदैन ।

यी माथिका कारणहरु देख्दा र हेर्दा नेपालको बिकास रोक्न अल्भ्फाउन नयाँ नयाँ नामका प्रशासन ऐन मात्र बन्छन् र मानिसहरु त्यसैलाई प्रगति मानेर घुमिरहन्छन् भनेर बुद्धिजीविहरुले लगाउने आरोप सत्य हुन लागिरहेको छ । यस्तो अलमल सधैं भईरहने हो भने सिंहदरवारको अधिकार गाउँ गाउँमा होइनकी सिंहदरवारको भ्रष्टचार गाउँ गाउँमा भनेर मानिसहरुले खिसी टिउरी गर्ने गरेको जस्तै वास्ताविकतामा परिणत नहोला भन्न सकिन्न यता पर्टी अहिलेका तिनै तहका सरकारहरुले गम्भिर भएर सोचन जरुरी छ ।

# जनआकश, माइली र मोहन कार्की

दामोदर ढकाल " दीपक "



पृष्ठभूमि

जनआकाश साप्ताहिकले आफनो प्रकाशनको तेह्रौं वार्षिकोत्सब मनाइरहेको छ । यश पावन अवसरमा यश पत्रिकाका प्रधान सम्पादक श्री मोहन कार्की ज्यूले वार्षिकोत्सबको लागि केही सामाग्री भए पठाउनु भन्नुभयो । यसै त जनआकाशमा प्रकाशित गरिने सामाग्रीको चाङ हुन्छ त्यो चाङबीच पनि मलाई उहाँले फोन गर्नुभएकोले र यो विशेष अंकमा रचना पठाउनु भन्दा गर्वका साथ मेरो छाति फुल्यो । नाक घिरौला जत्रो भयो । हुन त अक्षरसँग रमाउन खोज्नेलाई यो भन्दा ठूल उपलब्धि के हुन सक्छ र ? मले उहाँलाई कविता लेखेर पठाउँछु भने । तर जब लेख्न बसे,अहँ मैले कविता मात्र पठाएर हुँदैन, साहित्यको सेवाको निम्ति निस्वार्थ लागेको साहित्यकार हरुको मनमुटुमा बस्न सकेको प्रिय पत्रिकासँग आफनो सम्बन्ध र यसको बारेमा केही लेख्न आवश्यक ठाने र लेख्ने अठोटमा जुटैं । यो लेखको शुरुवातमा सर्वप्रथम त जनकाश साप्ताहिकको तेह्रौ वार्षिकोत्सबको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु र यश पत्रिकाले हजारौं वार्षिकोत्सब मनाओस् भनेर कामना गर्दछु ।

जनआकाशसँगको सामिप्यतास-

जनआकाश साप्ताहिकसँगको मेरो सामिप्यताको जस आदरणीय पूर्व सहायकरथी साहित्यकार तेजप्रकाश बानियाँ ज्यूलाई जान्छ । उहाँकै कारणले हो , आजसम्मको मेरो जनआकाशसँगको सहयात्रा । साहित्यकार तेजप्रकाश बानियाँ ज्यूले यश पत्रिकमा प्रत्येक हप्ता जस्तो पुस्तकहरुका समीक्षा प्रकाशन गर्नुहुन्थ्यो । बानियाँ ज्यूको घर त्यसताका मेरो कार्यालय नजिक भएकोले कयौं समीक्षा मैले टाइपिङ् गर्ने सुअवसर पाएको थिए र जनआकाशमा छापिएर आउँदा मनमा बेग्ले किसिमको संचार खुसीको प्रसारण हुनेगर्थ्यो । यसरी जनआकाशसँग प्रत्यक्ष रुपमा नभए पनि अप्रत्यक्ष रुपमा मेरो संग्लनता भएको थियो । म चुम्बकले फलाम तानिएजस्तो यो पत्रिकासँग तानिएको थिए । किनकि साहित्यिक कृतिको समीक्षा र साहित्यका विभिन्न विधाका रचनालाई यो पत्रिकाले उचित स्थान दिइएको थियो ।

माइली उपन्यास

जनआकाशका प्रधान सम्पादक मोहन कार्कीद्धार लिखित उपन्यास हो माइली । सामाजिक यथार्थ कथावस्तुमा आधारित यो उपन्यास कृति , नेपाली आख्यान विधामा बेग्लै अस्तित्व राख्ने उपन्यास हो । यश पत्रिकाले किन साहित्यलाई अत्यन्तै महत्त्व दिन्छ भनेको त यश पत्रिकाका प्रधान सम्पादक मोहन कार्की आफू स्वयं साहित्यकार भएर हो रहेछ भनेर बुझें । उहाँको माइली उपन्यासको सेटिङ् लगायतका काम र उक्त उपन्यासमा आफना केही धारणा पनि मैले पूर्व साहायक रथि आदरणीय अंग्रज व्यक्तित्व तेजप्रकाश बानियाँ ज्यूसँगैको सामिप्यताले प्राप्त गरैं । माइली उपन्यासको प्रकाशन पश्चात् मोहन कार्कीसँगको सामिप्यता बढ्यो । यसरी जनआकाशको कार्यालयसम्म मेरो आवत जावत शुरु भयो । यसकारण म माइली उपन्यासलाई धेरै सम्झन्छु, बानियाँ ज्यूसँगको मेरो सामिप्यता र माइली उपन्यासको प्रकाशनले राष्ट्रिय साप्ताहिक सँग मेरो सम्बन्ध स्थापित हुन पुग्यो ।

माइली उपन्यासको लोकार्पण र बाह्रौं वार्षिकोत्सब

जनआकाशले बाह्रौं वार्षिकोत्सब प्रज्ञा प्रतिष्ठानमा २०७६ साउन ३१ गते गर्ने भएकोले मलाई पनि निमन्त्रणा आयो । निमन्त्रणा आउनुको कारण यश साप्ताहिकका प्रदान सम्पादक मोहन कार्कीको उपन्यास माइली र कवयित्री राधिका पुरी सानू को कविता कृति वेदनाको लोकार्पण थियो । साथमा मैले अत्यन्त सम्मान गर्ने लेखकहरु आदरणीय तेजप्रकाश बानियाँ, दुर्गा अधिकारी भमरकोटे र कृष्णबहादुर के.सीको सम्मान कार्यक्रम पनि थियो । उक्त कार्यक्रममा हामी निकै जना कार्यक्रम स्थल प्रज्ञा प्रतिष्ठान पुगेका थियौं । कार्यक्रम निर्धारित समयभन्दा केही ढिलो शुरु भयो कारण कार्यक्रम संचालक कतै जाममा परेको खबर आयो । मोहन कार्की ज्यूले कार्यक्रम को तालिका मलाई दिएर कार्यक्रम संचालन गर्ने अभिभारा दिनुभयो । जनआकाश साप्ताहिकको बाह्रौं वार्षिकोत्सबको कार्यक्रम आफूले संचालन गर्नु पाउँदा मलाई हर्षको सीमा भएन । विभिन्न क्षेत्रका सम्पानित व्यक्तितब र आफनै सामिप्यताका साहित्यकारहरुको नाम मञ्चबाट पुकार्न पाउँदा को खुसी नहोला र ?

मोहन कार्कीसँगको भ्रमण

मोहन कार्की र मलाई एउटा साहित्यक कार्यक्रममा निम्ता आएको थियो । कार्यक्रमको आयोजक संस्था मञ्च विहीनको मञ्च थियो र कार्यक्रम गरिने स्थान जरसिंह पौवा स्थित जे. पी प्रतिष्ठानमा थियो । उक्त संस्थाकी एक संयोजक लिलामाया ढकालले हामीलाई निम्तो गर्नुभएको थियो । उक्तसंस्था लिला दिदी र अरु तीन जना दिदीहरुको संयोजनमा चलिरहेको थियो ।मोहन कार्की र म बागबजारबाट आठ बजे उक्त स्थानमा जान साँखुको बस चढ्यौ । करिब दस बजे धूलो खाँदै साँखु पुग्यो। त्यहाँ पुगेपछि अम्बा र सुन्तला खाँदै दिदीहरुले हामीलाई पठाइदिएको ट्याक्सी नआउँन्जेल फोटा खिच्यौ । त्यै भएर मोहन जी कहिलेकाही भन्नू हुन्छ तपाईंका २०० जति फोटा मसँग छन् । जे. पी प्रतिष्ठान को सभ्य र भब्य स्थलमा उत्कृष्ट कार्यक्रम पश्चात् हामी फर्कियौ । झमक्क साँझ परेको थियो । चिया पिएर छुट्ने कुरा भयो, एउटा खाजा पसलमा छिर्यो र चिया पियौ । चियाको पैसा उहाँले तिर्दा ५० रुपैयाँ लियो । तब उहाँले बीस रुपैयाँ छ त चियाको मूल्य भनेर सोध्दा पसलेको जवाफ थियो, प्याजको भाउँ बडेर सबै खाजा, तरकारी र चियामा ५, ५ रुपैयाँ बडाएको । पसलेको कुरा सुनेर उहाँले हाँस्दै जवाफ दिनुभयो, दिल्लीमा पानी पर्दा काठमाडौंमा छाता ओड्छन चाहिँ सुनेको हो । तर प्याजको भाउँ बड्दा चियाको मूल्य बढी तिरेको आजै हो ।

जनआकाशमा मेरो पहिलो रचनास-

मैले फेसबुकमा कवित हाल्थे । मेरो एउटा कविता मोहन जीलाई मनपरेछ । उहाँले प्रकाशन गर्ने भन्नुभयो । मेरो लागि यो अत्यन्त खुसीको विषय थियो । उक्त कविता प्रकाशन पश्चात् जनआकाशमा मेरा कविताहरु प्रकाशन हुँन थाले । त्यस पछि क्रमश मेरा लेखहरु पनि प्रकाशन भइरहेका छन् । अहिले त सर्जकलाई नजिकबाट नियाल्दा भन्ने स्तम्भ लेखिरहेको छु । प्रकाशन भइरहेका छन् । यसरी करिव ४ दर्जन हाराहारी मेरा सिर्जना जनआकाशले प्रकाशन गरेको छ । मैले मेरा रचना पाठकहरु समक्ष पुर्याउने मञ्च भेटेको छु, मैले रचना बिसाउने चौतारी भेटेको छु ।

उपसंहार

तेह्रौं वार्षिकोत्सब मनाइरहदा म सोचिरहेको छु । जनआकाशले म जस्ता कतिलाई लेखनमा उर्जा भर्यो । आफैं साहित्यकार मोहन कार्की भएको हुनाले पनि कति म जस्ता साहित्यकारहरुले फल्ने र फुल्ने मौका यश पत्रिकाबाट पाए । यसर्थ जनआकाश साहित्यकारहरुको आफनै बगैंचा हो जहाँ साहित्य रम्न सक्छ । जनआकाश साहित्यकारहरुको चौतारी हो जहाँ साहित्यले शीतलता दिन्छ । जनआकाश साहित्यकारहरुको घर हो जहाँ साहित्यले आश्रय लिन सक्छ । यसर्थ जनआकाश साप्ताहिक हरेक साहित्यकारको ढुकढुकी बनेर उभिएको छ । साहित्यकारहरुको आशा, विश्वाश र भरोसाको केन्द्र बनेको छ । म यो अवसरमा जनआकाश साप्ताहिक वार्षिकोत्सबको शुभकामना र आगामी दिनहरुमा अझ सफलताको कामना गर्दछु ।

धन्यवाद ।

# नौ वर्षपछि पुल निर्माण सम्पन्न

- विजय रावत

खलङ्गा । जुम्ला, डोल्पा र जाजरकोट जिल्ला जोड्ने दानसाँघु पक्की पुल नौ वर्षपछि निर्माण सम्पन्न भएको छ। विसं २०६८ असारदेखि निर्माणकार्य थालनी गरिएको ६० मिटरको सो पुल २०७१ असारमा निर्माण सम्पन्न सम्झौता भए पनि २०७७ असारमा सम्पन्न भएको हो। विसं २०७२ मा तत्कालीन प्रमुख ई हरिप्रसाद शर्मा बहाल हुँदा पुलको डिजाइन काम नलाग्ने भएको जनाइएपछि निर्माणकार्यमा अवरोध आएको एसबिए बन्धन भगवती पृथ्वी जेभी बत्तीसपुलती काठमाडौँका प्रोपाइटर तारासिंह कठायतले बताउनुभयो।

तत्कालीन जिल्ला प्राविधिक कार्यालय जुम्लाले निर्माण थालनी गरेको पुलको बायाँतिरको पिलरको डिजाइन काम नलाग्ने भएपछि पुनः डिजाइन गरी काम शुरु गर्दा समय अवधि लम्बिएको हो। यद्यपि भू-गर्भ विभागद्वारा माटो परीक्षण गरी काम गर्नुपर्ने भएकाले केही समय लम्बिएको उहाँले जानकारी दिनुभयो। सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, स्थानीय सडक तथा पुल कार्यक्रमबाट सञ्चालित आयोजनाको करिब रु चार करोड लागतमा भगवती पृथ्वी जेभीले ठेक्का प्रणालीअनुसार रु दुई करोड ८८ लाख ३० हजार ७७६.६२ पैसामा ठेक्का लिएको थियो।

जिल्लाको गोठीचौर गाउँपालिकामा पर्ने देपालगाउँ, गज्याङ्कोट, गोठीचौरसहित डोल्पा र जाजरकोटलाई समेत जोड्ने पक्की पुल निर्माण भएपछि स्थानीयवासीलाई सहज भएको छ। बिरामी अस्पताल पुर्‍याउनदेखि उत्पादित वस्तु स्याउ अन्नबाली तरकारी फलफूल सदरमुकामको बजार र बाहिर जिल्लाका बजारमा पुर्‍याउन अब सहज हुने भएको स्थानीयवासी केशव धितालले जानकारी दिनुभयो।

**आठवटै स्थानीय तह विकास र प्रविधिमैत्री हुने**

जुम्लाका एक नगरपालिका र सात गाउँपालिका विकास र प्रविधिमैत्री बनाउने उद्देश्यले प्राविधिक सहायक नियुक्ति प्रक्रिया अघि बढाइएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत रहेको प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सञ्चालित रोजगार सेवा केन्द्रका लागि प्राविधिक सहायक नियुक्ति प्रक्रिया अघि बढाइएको हो। सोही प्रक्रियाअनुसार यहाँका स्थानीय तहले धमाधम नियुक्ति प्रक्रिया अघि बढाइरहेका छन्।

स्थानीय नै रोजगारबाट लाभान्वित हुने अपेक्षा गरिएको छ। यसका लागि सरकारले पहिलो पटक सिभिल इञ्जीनियरिङ पास गरेका अनुभवी प्राविधिक सहायक करारमा नियुक्ति गर्न लागेको हो। रोजगार कार्यक्रमअन्तर्गत सञ्चालित रोजगार सेवा केन्द्रको युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि-२०७६ को दफा १३ अनुसार सबै स्थानीय तहका गाउँपालिका र नगरपालिकामा करारमा प्राविधिक सहायक पदपूर्ति गर्न छुट्टै समिति बनाइएको छ। सो समितिले अनुभवी प्राविधिक सहायकको छनोट तथा पदपूर्तिका लागि सिफारिस गर्नेछ। यसका लागि सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष, सम्बन्धित स्थानीय तहले तोकेको विषयविज्ञ सदस्य र सम्बन्धित स्थानीय तहको महाशाखा तथा शाखा प्रमुख सदस्य सचिव रहने गरी तीन जनाको पदपूर्ति समिति गठन गरिएको छ।

समितिले १५ दिनको सार्वजनिक सूचना निकालेर आवश्यक प्राविधिक सहायक छनोट प्रक्रियासहित हरेक स्थानीय तहमा एक/एक जना नियुक्ति गर्ने प्रावधान छ। छनोट प्रक्रियाको क्रममा तोकिएको म्यादभित्र आवेदन दिनेमध्येबाट योग्य ठहरिएका १० जनाको नाम र सो नभएमा उपलब्ध सङ्ख्याका उम्मेदवारको प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन गरी सम्पूर्ण प्रक्रिया पूरा गरी आवश्यक जनशक्ति छनोट गर्ने प्रावधान बनाइएको छ। छनोट प्रक्रियामा सहभागी हुनेहरूका लागि पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण तथा अन्तिम लागत विवरण तयार गर्न सक्ने, विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्ने टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीपसहित कम्तीमा छ महिनाको

बाँकी ८ पृष्ठमा

# कांग्रेसमा हाम्रो छुट्टै समूह छ, महाधिवेशनमा पनि रहन्छ



## कृष्णप्रसाद सिटौला
## नेता, नेपाली कांग्रेस

**नेपाली कांग्रेसको १३ औं महाधिवेशनमा तेस्रो धारको नेतृत्व गरेका कृष्णप्रसाद सिटौला त्यसपछि सभापति शेरबहादुर देउवासँग नजिक देखिए। लगत्तै देउवासँग टाढिएका उनी वरिष्ठ नेता रामचन्द्र पौडेलसँग सहकार्य गर्न पुगे। दुवै समूहले गठबन्धन गरेर केही भ्रातृ संगठनमा संस्थापन पक्षलाईसमेत हराए। जब कांग्रेसलाई १४औं महाधिवेशन लाग्यो, सिटौला फेरि देउवा र पौडेल दुबै समूहसँग दुरी कायम गर्नतिर लागेका छन्। महाराजगञ्जमा सम्पर्क कार्यालय खोलेका छन्, जहाँ उनी दैनिकजसो नेता-कार्यकर्तासँग भेटघाटमा व्यस्त हुन्छन्। सिटौलाको तयारी हेर्दा उनी फेरि सभापतिको उम्मेदवार बन्न लागेको सहजै अनुमान गर्न सकिन्छ। तर, उनी औपचारिक रूपमा १४ औं महाधिवेशनमा सभापतिको उम्मेदवार बन्छु भनेर घोषणा पनि गर्दैनन्।**

**यद्यपि तेस्रो धार कायमै रहेको र रहने सिटौलाको दाबी छ। उनी भन्छन्, मेरो आफनै विचार छ, नीति र कार्यक्रम छ। शेरबहादुर वा रामचन्द्रले लिएको नीति, पार्टी सञ्चालन गर्ने तौरतरिका मन पराएको भए गग महाधिवेशनमै कुनै एउटा टिममा गइहाल्थैँ नि।'**

**कांग्रेस नेता सिटौलाले गोविन्दराज जोशी, पुस्करनाथ ओझालाई पार्टीबाट निस्कासन गर्ने अनुशासन समितिको निर्णयको समेत विरोध गरेका छन्। निर्वाचन भएको धेरै समय भइसकेको र परिस्थिति पनि फरक भएकाले सबैलाई आममाफी दिनुपर्ने बताउँदै उनले भने, 'सबै साथीहरूलाई आममाफी दिउँ र पार्टीमा अनुशासित भएर काम गर्न आह्वान गरौं। होइन, त्यतिले पुग्दैन भने सचेत गराएर आममाफी दिउँ। विगतमा किसुनजीले पनि यसो गर्नु भएकै हो।' यद्यपि अनुशासन समितिले देउवा र पौडेललाई हेरेर निर्णय गरेको भन्दै सिटौलाले त्यो निर्णय सच्याउनपर्ने बताए। अधिल्लो निर्वाचनमा पनि सुजाता कोइरालालगायतका नेताहरूलाई माफी दिएको उदाहरण दिँदै उनले भने, 'पुनरावेदन आयो भने केन्द्रीय समितिले सच्याउन सक्छ। नआए पनि राजनीतिक नेतृत्वले सच्याउन सक्छ।' प्रस्तुत छ, आसन्न १४ औं महाधिवेशनको सेरोफेरोमा केन्द्रित रहेर कांग्रेस नेता कृष्ण सिटौलासँग अनलाइनखबरकर्मी राजकुमार श्रेष्ठले गरेको कुराकानी**

**तपाईंलाई पनि महाधिवेशन लागेको हो ?**

महाधिवेशन कार्यक्रमको प्रारम्भिक बिन्दु भनेको क्रियाशील सदस्यता वितरण तथा नवीकरण हो। पार्टी केन्द्रीय कार्यसमितिले बनाएको कार्यतालिकाबमोजिम जिल्लाहरूले क्रियाशील सदस्यता वितरण र नवीकरण गराउन सुरू गरेका छन्। र, त्यसैले केन्द्रीय नेतृत्वदेखि देशभरका कांग्रेस कार्यकर्तालाई महाधिवेशन लाग्यो। मलाई पनि लाग्यो।

तर, यतिबेला मेरो आग्रह छ, क्रियाशील सदस्यमा कुनै भेदभाव नहोस्। सबै पुराना क्रियाशील सदस्यको नवीकरण गर्नुपर्छ र नयाँ दिंदा पनि क्रियाशील साथीहरूलाई दिनुपर्छ। किनकि यो हाम्रो पार्टीको आधार हो, यसलाई मजबुत बनाउनुपर्छ र विस्तार पनि गर्नुपर्छ।

तर, महाधिवेशनको कार्यक्रम सुरू भएसँगै कांग्रेसमा विवाद पनि बढेको देखियो नि ? वरिष्ठ नेता रामचन्द्र पौडेल समूहले केन्द्रीय विभागहरू गठन, क्रियाशील सदस्यता वितरणलगायतलाई लिएर पत्रकार सम्मेलन नै गरेका छन् र सभापतिमाथि महाधिवेशन प्रभावित पार्न खोजेको आरोप लगाएका छन्। यसमा तपाईं के भन्नुहुन्छ ?

जिल्लाहरूमा अहिले हुन लागेको क्रियाशील सदस्यता नवीकरण र वितरणमा खासै विवाद उठेको थाहा पाएका छैनौं। पार्टीको विधानअनुसार वडाको सिफारिसमा स्थानीय तहले गर्छ। पाउनु पर्नेले सदस्यता पाएनन्, नपाउनुपर्नेले पाए भने जिल्लामा उजुरी आउँछ। जिल्लाको निर्णय चित्त बुझेन भने केन्द्रमा क्रियाशील सदस्यता छानबिन समिति हुन्छ, त्यो समितिले निर्णय गरेपछि टुंगिन्छ। विगतलाई हेर्दा सबैभन्दा बढी विवाद यसमै हुन्छ। तर, योपटक प्रारम्भ भइसकेको छैन।

जहाँसम्म केन्द्रको कुरा छ, केन्द्रीय कार्यालयबाट दिने क्रियाशील सदस्यता सम्बन्धित जिल्लाको सिफारिसमा हुनुपर्छ भनेर मैले उठाउँदै आएको छु। सिधै केन्द्रीय सदस्य मनोनित हुने र उसको सिफारिसमा क्रियाशील दिने पद्दतिले पार्टीलाई बलियो बनाउँदैन, गलत प्रवृत्तिलाई प्रोत्साहन गर्छ र सम्बन्धित जिल्लामा विवाद ल्याउँछ। त्यसैले केन्द्रबाट जति पनि क्रियाशील सदस्य दिने काम भएको छ, त्यो पारदर्शी र केन्द्रीय कार्यसमितिको निर्णयबाट दिनुपर्छ। साथै, सात सदस्यीय क्रियाशील सदस्य छानविन समिति बनाउने निर्णय पहिल्यै भइसकेको छ। सन्तुलन मिलाएर उहाँले यो काम सभापतिले तत्काल गर्नुपर्छ।

**विभागहरू गठनमा चाहिँ तपाईंको सहमति हो ? रामचन्द्र पौडेल समूहले त विधान विपरीत भयो भनेर विरोध गरेको छ नि ?**

विभागहरू पार्टीको विधानअनुसार महाधिवेशन भएको बढीमा छ महिनाभित्र गठन गर्नुपर्ने हो। पार्टी कार्य समितिको चारवर्षे कार्यकाल पूरा गरेर हामीले एक वर्ष थप गरेका छौं।

त्यसैले विभागहरू गठन गर्दा सभापतिले ढिलोमा पनि त्यो चारवर्षे कार्यकालभित्रै गर्नुपर्ने थियो। तर, उहाँले चार वर्ष नघाएर, त्यो पनि महाधिवेशनको कार्यतालिका बनाइसकेपछि विभागहरूमा मनोनयन गर्नुलाई उचित मान्न सकिन्न। यो गलत भएको छ।

सभापतिले आफनो विशेषाधिकार प्रयोग गरेर विभागहरू बनाउनुभएको हो। उहाँले बनाउनुभएका विभागहरूको बैठक बसेर पार्टी संगठनको महत्वपूर्ण काम गर्न सक्ने समय पनि छैन। सबै साथीहरू आफनो जिम्मामा क्रियाशील सदस्यता वितरण र नवीकरणमा लागेका छन्। २र३ महिना त्यहीँ जान्छ। त्यसपछि वडाबाट प्रतिस्पर्धा सुरू हुन्छ। त्यसैले साथीहरूले विभागमा बसेर काम गर्न सक्ने अवस्था छैन र अहिले गठन गर्न आवश्यक छैन।

**केका लागि बनाउनुभयो त सभापतिले ?**

यो सभापतिले गलत गर्नुभयो। गरेर उहाँ बेकारमा विवादमा पर्नुभयो।

**रामचन्द्र पौडेल पक्षका नेताहरूले त महाधिवेशन प्रभावित पार्न विभागहरूमा मनोनयन गरिएको हो भनेका छन् नि ?**

अहिले उहाँले विभागमा राखेका साथीहरूले विभागमा राख्नेकै पक्षमा मतदात गर्छन् भन्ने छैन। पार्टी कार्यकर्ताले कुनै नेता विशेषको दासता नै रोज्छन् भन्ने मलाई लाग्दैन। पार्टीका कार्यकर्ताको स्वाभिमान हुन्छ, विवेक हुन्छ। वडा अधिवेशनदेखि क्षेत्र, जिल्ला, प्रदेश हुँदै केन्द्रसम्म आउँदा आफनो स्वविवेक प्रयोग गर्दै आउँछन् र पार्टीको हितमा नै मतदान गर्छन् भन्ने मेरो मान्यता छ। तर, यतिबेला गरिएको निर्णय महाधिवेशन प्रभावित बनाउन हो कि भन्ने आशंकालाई नाजायज भन्न पनि सकिँदैन। त्यसैले सभापतिले यतिबेला विभाग बनाउनु उचित भएन।

**सभापतिले गरेको काम गलत पनि भन्नुहुन्छ, त्यसको विरोध गरेको अर्को समूहसँग सहकार्य पनि गर्नुहुन्न। तपाईं बीचमा बस्न खोज्जुभएको हो ?**

त्यसो होइन। मेरो आफनै विचार छ, आफनै नीति र कार्यक्रम छ। मैले शेरबहादुरजीले लिएको वा रामचन्द्रजीले लिएको नीति, पार्टी सञ्चालन गर्ने तौरतरिका मन पराएको भए गत महाधिवेशनमै कुनै एउटा टिममा गइहाल्थैँ नि।

तर, पछिल्लो समय त तपाईं रामचन्द्र पौडेल समूहसँग धेरै सहकार्य देखिन्थ्यो'

त्यस्तो होइन। म पार्टीभित्र उठ्ने हरेक कुरालाई विषयवस्तुका आधारमा हेर्छु। एकपटक कसैलाई समर्थन गर्दैमा वा विरोध गर्दैमा सधैंभरि गर्नुपर्छ भन्ने लाग्दैन। जस्तो- गएको चुनावमा टिकट वितरण र पार्टीमा न्यायका दृष्टिकोणले शेरबहादुर र रामचन्द्र दुबैको टिमले भयानक गल्ती गरेको छ। त्यसलाई समर्थन गर्न सक्दिनँ। निर्वाचनपछि रामचन्द्रजीले उठाएका कतिपय मुद्दा मलाई ठीक लाग्यो, मैले समर्थन गरैँ। कतिपय विषयमा नचाहिँदो झगडा भयो भन्ने लागेपछि दुबैलाई जोड्ने काम पनि गरैँ। किनकि म समग्रमा पार्टीको हित र पार्टीभित्र एकता चाहन्छु।

र, आजको दिनमा मेरो चासो आगामी महाधिवेशनको नजितापछि पार्टीमा वृहत एकता कसरी कायम हुन्छ भन्नेमा छ। किनकि पार्टीमा एकता भएन भने महाधिवेशनको केही समयपछि हुने चुनावमा कांग्रेस फेरि स्वाहा हुन्छ।

हामी स्थानीयसँगै आम निर्वाचनको सम्मुखमा पार्टीको १४ औं महाधिवेशन गर्दैछौं। महाधिवेशनको प्रतिस्पर्धा स्वच्छ र निश्पक्ष हुनुपर्छ, परिणामलाई स्पोट्सम्यान स्परिटमा सबैले स्वीकार गर्नुपर्छ। महाधिवेशन स्वच्छ र निश्पक्षरूपमा सम्पन्न गर्नु सभापतिको मुल कर्तव्य हुन्छ। त्यसमा हाम्रो सहयोग रहन्छ। तर उहाँले नै महाधिवेशको प्रतिस्पर्धालाई प्रभावित पार्ने गरी धाँधली गर्न थाल्नु भयो भने मेरो मात्र होइन, कसैको पनि समर्थन रहँदैन।

**रामचन्द्र पौडेल समूहले महाधिवेशन स्वच्छ र निष्पक्ष हुनेमा अहिले नै संशय व्यक्त गर्न थालेको छ नि ? तपाईं त्यस्तो लाग्दैन ?**

पार्टी सभापतिले अहिले नै धाँधली गर्न थाल्नुभयो भन्ने त म मान्दिनँ। हामीले ७ सदस्यीय क्रियाशील सदस्य छानविन समिति बनाउने भनेर केन्द्रीय कार्यसमितिमा नीतिगत सहमति गरेका छौं। सभापतिजीले अब छिट्टै सन्तुलित ढंगले समिति बनाउनुपर्छ र त्यो समितिले पनि आफूकहाँ आएको विवादमा सहमतिबाटै निर्णय गर्नुपर्छ। बहुमतका आधारमा निर्णय गरेर एकपक्षीय बनाउने प्रयास कसैले पनि गर्नुहुँदैन।

**नेतृत्वलाई लिएर पार्टीमा संस्थापन कि संस्थापन इत्तर भनेर ध्रुवीकरणको प्रयास पनि भइरहेको देखिन्छ, तपाईंचाहिँ कता ?**

गतको महाधिवेशनपछि म र मेरो समूहले कहिल्यै पनि हामी कसैसँग मिल्छौं भनेकै छैनौं। कसैको इत्तर वा पक्षमा हुन्छौं भनेकै छैनौं। जुन धार लिएर अगाडि बढेका छौं, त्यहीँ छौं। हामी नै कहीँ गएर मिसियौं भने सैद्धान्तिक वैचारिक धार सेलाएर जान्छ भन्ने मलाई लागेको छ। यो मेरो धेरै टाढा होइन, गत निर्वाचन र त्यसपछिको मूल्यांकन हो।

किनकि गएको आम निर्वाचन चुनावी व्यवस्थापनका दृष्टिले पूर्णरूपमा कमजोर रह्यो। यसको मुल जिम्मेवारी सभापति, महामन्त्री लगायत टिकट वितरण गर्ने साथीहरूले लिनुपर्छ। महाधिवेशनयता कम्युनिस्ट सरकारविरूद्ध प्रमुख प्रतिपक्षका रूपमा जसरी आवाज उठाउनुपथ्र्यो, त्यसमा नेतृत्व पूर्ण रूपमा असफल रह्यो। मैले यति भन्दा बुझ्नुभयो होला।

**महाधिवेशनसम्मै तेस्रो धार रहन्छ ?**

एकदम रहन्छ। किनकि राष्ट्रसामु उपस्थित सबै चुनौतीहरूको सामना गर्न कांग्रेसले कस्तो सैद्धान्तिक, वैचारिक धार निर्माण गरेर जानुपर्छ भन्नेमा यो समूहको भूमिका छ।

केन्द्रीय कार्यसमितिमा हाम्रो उपस्थित अत्यन्त न्यून छ, तर त्यसको आधारमा मूल्यांकन नगर्नुहोला।

म तामाम कांग्रेसका कार्यकर्तामा नयाँ जागरण ल्याउन चाहन्छु, जसले पार्टीभित्र आमुल परिर्वतन ल्याओस्। सैद्धान्तिक र बैचारिक धरातलमा पार्टीलाई उभ्याउन सकियोस्। पार्टीभित्र भागवण्डा होइन, बैचारिक बहसहरू हुन थालोस्। कस्तो नीतिले देश बन्छ, त्यसमा नेतृत्वले ध्यान दिन सकोस्। कांग्रेसलाई त्यस्तो केन्द्र बनाउन चाहन्छु म।

**तर, रामभन्द्र पौडेल समूहले त हामीसँगै हुनुहुन्छ भन्नुपर्छ, संस्थापन पक्षले पनि पहिले पनि सहयोग गर्नु भएकै हो, अब पनि गर्नुहुन्छ भन्छन् नि ?**

उहाँहरू दुवैले हाम्रो महत्व देख्नुभएको छ, त्यो भन्नुहुन्छ। तर हामी हाम्रै ठाउँमा महत्व छ भन्ने लाग्छ। म आज जे कुरा गरिरहेको छु, यसको धेरै महत्व छ भन्ने लाग्छ।

**प्रष्ट शब्दमा भन्दा तेस्रो महाधिवेशनको तेस्रो धार, जसको नेतृत्व कृष्ण सिटौलाले गर्नुभएको थियो। १४ औं महाधिवेशनमा पनि त्यो धार कायमै रहन्छ ?**

यसपालिको महाधिवेशन संरचनागत र मूल्यांकनका दृष्टिकोणले पनि विगतको जस्तो हुन्न। संरचनाका दृष्टिकोणले किन हुन्न भने पहिले जिल्लाबाट केन्द्र थियो, अहिले जिल्लामाथि प्रदेश आएको छ। यो अत्यन्त महत्वपूर्ण संरचना बन्दैछ। सात प्रदेशको महाधिवेशनपछि मात्र सबै नेता कार्यकर्ताले अनुमान गर्न सक्छन् कि केन्द्रीय महाधिवेशनमा कतिवटा समूह हुन्छ र रिजल्ट कस्तो आउनसक्छ। नेतृत्वको आकांक्षा गरेका साथीहरूलाई पनि आफनो स्ट्रेन्थको मूल्यांकन पनि हुन्छ।

तर, मेरो ध्यान महाधिवेशनपछि पार्टीमा वृहत एकता कसरी हुन्छ भन्नेमा पनि छ। पार्टी वृहत एकता गरेर गइएन भने कांग्रेस पार्टीलाई त्यति सजिलो छैन।

वडा तहमा केही साथी रिसाउनु भयो भने त गाह्रो हुन्छ भने शीर्ष तहमै टुटफुट भयो भने कति कठिन हुन्छ ? दोस्रो, सबैतिर कम्युनिस्ट पार्टीको सरकार छ। प्रदेश २ मा पनि केही समय अगाडिसम्म कम्युनिस्ट समर्थित सरकार नै थियो। राष्ट्रियसभा चुनावमा कांग्रेसविरूद्ध सहकार्य गरेकै हुन्।

आगामी चुनावसम्म यी पार्टीहरू कसरी जाला छुट्टै मूल्यांकनको विषय होला, तर एउटा कुरा पक्का के हो भने आगामी निर्वाचन अगाडि कांग्रेसको महाधिवेशन हुँदैछ। र, त्यो महाधिवेशनबाट जो नेतृत्वमा आएपनि उसको नेतृत्वमा पार्टीभित्र बृहत एकताका हुन्छ कि हुँदैन ? यो मुल कुरा हो। बृहत एकता हुन सकेन भने कांग्रेस अझ असफल हुन्छ। त्यसैले कतिपय साथीहरूको नेतृत्व हत्याउने कुरा मात्र होला, मेरो ध्यान पार्टीमा बृहत एकताको पनि छ। र, यसका लागि हामी र हाम्रो समूहले अझ धेरै काम गर्नुपर्छ भन्ने लागेको छ।

**हिजो जसको नेतृत्वदायी क्षमतामा विश्वास नलागेर १३ औं महाधिवेशनमा उम्मेदवारी दिनुभयो, अहिले फेरि उनीहरूको नेतृत्व स्वीकार गर्ने अवस्था छ त ?**

त्यो महाधिवेशनमा जिल्ला अधिवेशनसम्म सुशील कोइरालालाई सघाउनुपर्छ भनेर लागेको थिएँ। उहाँको असामयिक निधनपछि त्यसबेला रामचन्द्र र शेरबहादुरको जुन समूह देखेँ, त्यहाँ म रहन सक्ने स्थिति भएन। नेतृत्वको नेतृत्वदायी क्षमता नै विश्वास भएन। त्यही कारण ठूलो समूह नभएपनि उम्मेदवारी दियौं।

आजको दिनमा हामी फुलफलेजेट रूपमा जान सक्छौं। जाने कि नजाने ? जाँदा कसरी जाने ? यो चाहिँ क्रियाशील सदस्य टुंगिएपछि औपचारिक रूपमा भनौंला।

**१४ औं महाधिवेशनमा म पनि सभापतिको उम्मेदवार हुँ भन्नचाहिँ किन गाह्रो ?**

क्रियाशील सदस्य टुंगिएपछि वडा अधिवेशन सुरू हुनुअघि आउनु होला, त्यतिबेला भनौंला नि। त्यसबेला भन्ने कुरा अहिले किन भनाउन खोजेको ?

-अनलाइनखबर

# दुर्घटनामा दिवंगत सेनाका परिवारलाई मेगा बैंकको बिमा बापत ७ लाख रुपैंया

काठमाडौं । मोटरसाइकल दुर्घटनामा परी असामयिक निधन भएका नेपाली सेनाका सिपाही शिवराज रानाका परिवारलाई मेगा बैंक नेपाल लिमिटेडले बिमा बापत सात लाख रुपैंया प्रदान गरेको छ । मेगा बैंकमा 'मेगा कर्पोरेट बेनीफिट सेभिङ अकाउन्ट' खोलेका दिंवगत सैनिक जवान रानालाई मेगा बैंकले सोही खाताको बिमा बापत सात लाख रुपैंया हस्तारन्तरण गरेको हो । गुल्मीको



तम्घासस्थित नेपाली सेनाको वीरभद्र जंग गुल्ममा कार्यरत सैनिक जवान रानाको धनगढी उपमहानगरपालिका वडा नम्बर ११ स्थित घरमा बिदामा गएका बेला २०७६ साल फागुन १ गते धनगढीमा मोटरसाइकल दुर्घटना भई निधन भएको थियो । मेगा बैंक तम्घास शाखाका प्रबन्धक तेजेन्द्र कार्कीले वीरभद्र जंग गुल्मका गुल्मपति मेजर भूपेन्द्र गुरुङमार्फत सैनिक जवान रानाका बाबु टिकाराम रानालाई बिमा बापतको रकम हस्तान्तरण गर्नुभयो । न्यूनतम एक हजार रुपैंया मौज्दातमा खोल्न सकिने 'मेगा कर्पोरेट बेनीफिट सेभिङ अकाउन्ट'मा बैंकले हरेक खातावालाको ७ लाख रुपैंयाको दुर्घटना बिमा गरिदिएको मेगा बैंकको सिइओ अनुपमा खुञ्जेलीले बताउनुभयो । सिइओ खुञ्जेलीका अनुसार, ग्राहक र उनीहरुका परिवारलाई भरपरी आउने यस्ता घटनामा सुरक्षा मिलोस् भनेर बैंकले ग्राहकहरुलाई यो योजना ल्याएको हो ।

# कामना सेवा र अल पसल बीच समझदारी

काठमाडौं । कामना सेवा विकास बैंक लि. र अल पसल पब्लिक लि. बीच आर्थिक अभिमुखीकरण तथा स्वरोजगार मूलक व्यवसायको विकास तथा प्रवर्धन गर्ने उद्देश्यका साथ सहुलियत पूर्ण कर्जाको माध्यमबाट लक्षित वर्गको आयआर्जन



वृद्धि गर्न एक समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

समझदारी पत्रमा कामना सेवाविकास बैकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेत र अल पसल पब्लिक लिमिटेडको तर्फबाट अध्यक्ष झविन्द्र पन्थीले कामना सेवा विकास बैंकमा आयोजित कार्यक्रमा दुवैले हस्ताक्षर गरेका थिए । समझदारी अन्तर्गत बैंकले नेपालराष्ट्र बैकद्वारा तोकिएको मापदण्डको अधीनमा रहि अल पसल पब्लिक लि.मा आबद्ध व्यवसायीहरुलाई सहुलियतपूर्ण कर्जा प्रदान गरी उनीहरुको आर्थिक तथा समाजिक विकासमा टेवा पुऱ्याउने प्रमुख लक्ष्य रहेको प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले जानकारी गराएका थिए ।

# एनआईसी एशिया बैंक र सिजी मोटोकर्प बीच फाइनानसिङ पार्टनर

काठमाडौं । 'बैंक पनि साथी पनि, राम्रो पनि हाम्रो पनि' भन्ने मूल नाराका साथ लाखौं ग्राहक महानुभावहरूमाझ गतिशिल बैंकिङ्गको अभ्यास गर्दै आएको यस एन आई सी एशिया बैंक लिमिटेड र सुजुकी ब्राण्डका सवारीको नेपालका लागि आधिकारिक विक्रेता सिजी मोटोकर्प प्रा. लि. बीच यस बैंकलाई फाइननसिङ पार्टनर बनाउने समझदारी भएको छ । उक्त समझदारीपत्रमा बैंकको तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कुमार राठीज्यू तथा कम्पनीको तर्फबाट महाप्रबन्धक (सेल्स एण्ड मार्केटिङ) श्री सिरज पन्तज्यूले हस्ताक्षर गर्नुभयो । उक्त ब्राण्डका चार पाङ्गे सवारी बिक्री गर्दा सिजी मोटोकर्प प्रा. लि. ले यस बैंकलाई फाइननसिङ पार्टनर बनाउने र बैंकले सिजी मोटोकर्प प्रा. लि.का




उपभोक्ताहरू लाई सवारी कर्जामा थप सहज प्रदान गर्ने उक्त समझदारीपत्रमा उल्लेख छ । यस बैंकले ल्याएको सुपर चमत्कारिक सवारी कर्जामा वार्षिक ८.२५ प्रतिशत ब्याजदर तथा ०.२५ प्रतिशत प्रशासनिक शुल्कका साथै अन्य अतुलनीय र असीमित सुविधाहरूले भरिपूर्ण कर्जामार्फत सुजुकी ब्राण्डका सवारी ग्राहक महानुभावहरूले खरिद गर्न सक्नुहुनेछ । यो सुविधा रातो प्लेटका निजी तथा व्यवसायिक प्रयोजनको लागि सवारी खरिद चाहनुहुने ग्राहक महानुभावहरूले लिन सक्नेछन् ।

# मुक्तिनाथविकास बैंक र हाउस अफ ईन्टेरियर बीचसहकार्य

मुक्तिनाथ विकास बैंक लि, कमलादी र हाउस अफ ईन्टेरियर सुकेधारा, काठमाण्डौंबीच बैंकका ग्राहकहरुलाई कम्पनीले दिने सेवामा तोकिएका शुल्कमा विशेष छुट दिने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौता पत्रमा हाउस अफ ईन्टेरियरकोतर्फबाट प्रमुख कार्यकारी अधिकृत सुमेर ज्ञवालीर मुक्तिनाथ विकास बैंक लि.कातर्फबाट सहायक नायव प्रमुखकार्यकारी अधिकृत तिलबहादुर गुरुङ्गले हस्ताक्षर गर्नुभएको थियो । यस सम्झौता पश्चात मुक्तिनाथ

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

विकास बैंकका ग्राहकहरूले हाउस अफ ईन्टेरियरका सेवाहरुमा(Interior Product, Electricity, Marble, Furniture and Fixture, Furnishing, woodworks, 3D Design तथा अन्य Interior Designing) आकर्षक छुट पाउने व्यवस्था गरिएको छ ।

मुक्तिनाथ विकास बैंकले हाल ४२ जिल्लामा १३८ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत, निक्षेप तथा कर्जा सेवाहरु प्रदान गर्दै आई रहेको छ । बैंकले Balance Certificate, Cheque Book, Good For Payment Cheque जारी शुल्क र अन्तर शाखा बैंकिङ्ग कारोबार सेवा निशुल्क गरेको छ । साथै बैंकको ग्राहकले VISA Network अन्तर्गत जुन सुकै बैंकको ATMबाट विनाशुल्क रकम झिक्न सकिने बैंकले जनाएको छ ।

# एभरेष्ट बैंकको प्रधान कार्यालय सिल

काठमाडौं । एभरेष्ट बैंकको केन्द्रीय कार्यालय सिल गरिएको छ । कार्याल्यमा

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)

कार्यरत २ जनामा कोरोना पोजिटिभ देखिएपछि बैंकको लाजिम्पाटमा रहेको केन्द्रीय कार्यालय सिल गरिएको हो । यद्यपि कोरोना परीक्षण पश्चात भने कार्यालय खुला हुने बैंकका एक अधिकारीले जानकारी दिए । उनका अनुसार २ दिनका लागि मात्रै बैंकको कार्यालय सिल गरिएको हो । '२ जनाको रिपोर्ट पोजिटिभ आएपछि सिल गरिएको छ, अब २ दिन पूर्ण रुपमा सिल नै रहनेछ' ती अधिकारीले भने, 'सिल भएको अवधिभर हामी बाँकीको परीक्षण गर्छौं, कार्यालयलाई डिस्इन्फेक्सन गर्छौं, त्यसपछि हामी पुनः कार्यालय खोलेर सेवा दिनेछौं ।' बैंकको प्रधान कार्यालयमा पछिल्लो समय बाहिरी जिल्लाबाट पनि केही शाखा प्रवन्धकहरु आएको र उनीहरु सबैको परीक्षण हुने बैंकले जनाएको छ ।

# ग्लोबल आइएमई बैंकको एक्सटेन्सन काउण्टर घोराहीमा

ग्लोबल आईएमई बैंकले दाङको घोराहीमा नयाँ एक्स्टेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । मालपोत कार्यालय, घोराहीका प्रमुख विनोदकुमार पौडेलले बैंकको



४०औं एक्स्टेन्सन काउन्टरको आइतबार उद्घाटन गरे । बैंकले सेवाग्राहीको बढ्दो चापर विस्तारित बैंकिङ सेवाको आवश्कतालाई मध्यनजर गर्दै दाङको घोराही उप(महानगरपालिका १५ स्थित भूमिसुधार तथा मालपोत कार्यालय परिसरमा एक्स्टेन्सन काउन्टर सञ्चालनमा ल्याएको जनाएको छ । ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पु(याउने उद्देश्यले ७१ वटा जिल्लामा फैलिएको शाखा सञ्जालसहित २३४ एटिएम, ४० एक्स्टेन्सन काउन्टर तथा राजस्व संकलन काउन्टर, २०३ शाखारहित बैंकिङ सेवा र तीन अन्तर्राष्ट्रिय प्रतिनिधिरसम्पर्क कार्यालयमार्फत आफ्ना २० लाखभन्दा बढी ग्राहकमाझ सेवा प्रदान गर्दै आइरहेको जनाएको छ ।

# दोलखाका सहकारीको साढे ३ करोड छुट

दोलखा । कोरोना भाइसरको रोकथामका लागि सरकारले गरेको लकडाउनका समयमा दोलखाका सहकारी संस्थाहरुले आफ्ना सेयर सदस्यहरुलाई साढे ३ करोड बढीको छुट दिएका छन् । लकडाउनका समयमा सदस्यको रोजगारी गुमेको र व्यवसाय समेत नचलेको भन्दै सहकारीहरुले राहत स्वरुप बचत र ऋणमा छुट गरेका थिए । कोरोना महामारी रोकथामका लागि सरकारले चैत ११ देखि साउन पहिलो हप्तासम्म लकडाउन भएको थियो । सहकारीहरुले लकडाउन भएदेखि असार मसान्तसम्मको हिसाबमा साढे ३ करोड बढी छुट दिएका जिल्ला सहकारी संघ दोलखाका अध्यक्ष हेमन्त चौलागाइँले जानकारी दिए । दोलखाका सहकारीहरुले लकडाउन अवधीको व्याजमा १० प्रतिशत छुटदेखि हर्जना छुट र बचतमा ब्याज थपसम्मका सुविधा सेयर सदस्यलाई दिएका थिए । लकडाउनको समयमा सहकारीहरुले आफैंले निर्णय गरेर कतिपयले विगतका हर्जना सतप्रतिशत छुट गरे भने कतिले प्रतिशत खुलाएर गरेका थिए । सबैभन्दा बढी छुट दिनेमा बैतेश्वर गाउँपालिका वडा नं. ५ काब्रेमा रहेका जनसचेतन बचत तथा ऋण सहकारी संस्था (साकोस) र जनमुखी साकोस रहेका छन् । जनसचेतनले ऋणमा व्याज र हर्जनामा ७० लाख २२ हजार र बचत ढिला हुँदा बाँकी ८ पृष्ठमा

# बैकिङ्ग संसार

## सनराइज बैंकको ४९ औं शाखारहित बैंकिङ सेवा फुलबारी गुल्मीमा

काठमाडौं । सनराइज बैंक लिमिटेडले बैंकिङ्ग सेवा नपुगेका विभिन्न स्थानहरुमा बैंकिङ्ग सेवा पुऱ्याउँदै जाने उद्धेश्यका साथ मालिका गाउँपालिका-६, फुलबारी, गुल्मीमा ४९ औं शाखारहित बैंकिङ्ग सेवाको सुरुवात गरेको छ । शुक्रबार मिति २०७७-०४-२३ मा आयोजित कार्यक्रममा विशिष्ठ अतिथिका रुपमा मालिका गाउँपालिका अध्यक्ष रितबहादुर थापा र प्रमुख अतिथिका रुपमा मालिका गाउँपालिका वडा नं ६ अर्जैका वडा अध्यक्ष शोभाखर गिरिको उपस्थितिमा रहेको थियो । सोही कार्यक्रममा बैंकका प्रदेश नं ५ का प्रमुख सुनिल मंडलको सभाअध्यक्षतामा विशिष्ठ अतिथि र प्रमुख

सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED

अतिथिद्वारा बैंकको शाखारहित बैंकिङ्ग सेवा प्रतिनिधि रीमा गिरीलाई पोइन्ट अफ सेल मेसिन हस्तान्तरण गर्दै कार्यक्रम संचालन गरिएको थियो । उक्त पोइन्ट अफ सेल मेसिनको माध्यमबाट बचत तथा भुक्तानीका लागि शाखा कार्यालय नभएको ठाँउबाट समेत शाखारहित बैंकिङ्ग सेवा अन्तर्गत एटिएम कार्ड मार्फत कारोबार गर्न सकिने जनाइएको छ । यस सेवाबाट ग्राहकवर्गले निक्षेप सकंलन, रकम भुक्तानी, रकम स्थानान्तरण, बिल भुक्तानी जस्ता सेवाहरु लिन सकिने जनाइएको छ ।

हालसम्म सनराइज बैंकको ४९ औं शाखारहित बैंकिङ्ग सेवा फुलबारी गुल्मीमाबैंकले १३४ वटा शाखा,४९ वटा शाखारहित बैंकिङ्ग सेवा, १० वटा एक्सटेन्सन काउण्टर र १६० वटा ए.टि.एम मार्फत आफ्ना ६ लाख ग्राहकहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ । साथै बैंकले आफ्ना सेवाहरु विस्तार गर्ने क्रममा, नेपालका अन्य स्थानहरुमा पनि बैंकिङ्ग सेवा संचालन गर्दैजाने योजना रहेको जनाइएको छ ।

## गरिमा विकास बैंकका ग्राहकलाई ग्यालेक्सी हस्पिटलमा उपचार गर्दा छुट हुने

गरिमा विकास बैंक लिमिटेडका ग्राहकहरुलाई ग्यालेक्सी हस्पिटलमा लाग्न उपचार खर्चमा विशेष छुट दिने सम्बन्धमा गरिमा विकास बैंक र ग्यालेक्सी हस्पिटलबीच सम्झौता सम्पन्न भएको छ । संझौतामा गरिमा विकास बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत गोविन्द प्रसाद ढकाल र

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

ग्यालेक्सी हस्पिटलको तर्फबाट अध्यक्ष डा. हेमन्त मानन्धरले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको हो । यस सम्झौता पश्चात गरिमा विकास बैंक लिमिटेडका कर्मचारि र कर्मचारिका परिवार, भिजाकार्ड होल्डर र मोवाईल बैंकिङ्गका प्रयोगकर्ताहरुले ग्यालेक्सी हस्पिटलमा उपचार गराउँदा हस्पिटल कन्ज्युमेवल र फार्मेसी बाहेक अन्य सेवामा १२ प्रतिशत छुट प्राप्तगर्नेछन । गरिमा विकास बैंक राष्ट्रिय स्तरको विकास बैंक हो । बैंकले काठमाण्डौं उपत्यकाभित्र ११ वटा शाखा सहित देशभर ९१ शखा ५१ एटीएम र गरिमा रेमिटका १०,००० भन्दा बढि एजेण्टमार्फत ग्राहकहरुलाई सेवाप्रदानगर्दै आईरहेको छ । विकास बैंकको प्रधानकार्यालय लाजिम्पाट, काठमाण्डौंमा रहेको छ ।

## सहकारी अनुगमनका लागि निर्देशिका

सरकारले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमनका लागि निर्देशिका जारी गरेको छ । सहकारीको अनुगमनलाई प्रभावकारी बनाउनका लागि निर्देशिका जारी गरेको हो । सहकारीमा वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले सहकारी विभागले तयार गरेको निर्देशिका भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले जारी गरेको हो । निर्देशिका वित्तीय अनुशासनका सर्वमान्य मापदण्ड अनुरुप सहकारी संस्थाहरुको प्रणालीगत सुपरिवेक्षण एवं जोखिमको विश्लेषण गर्न सहयोगी हुने विभागका रजिष्टार डा. टोकराज पाण्डेले बताए । यसबाट आगामी दिनमा विभागलगायतका नियामक निकायले गर्ने स्थलगत निरीक्षण, अनुगमन र हिसाब जाँच निर्देशिका बमोजिम हुने उनले जानकारी दिए । निर्देशिकालाई सहकारी संघसंस्थामा सुशासन कायम गर्ने अभियानको महत्वपूर्ण पाटोको रुपमा लिइएको छ । यसबाट सहकारीको अनुगमनलाई प्रभावकारी बनाउने दावी समेत विभागले गरेको छ । यसअघि मन्त्रालयले सहकारी संस्थाको साधारणसभा (कार्य व्यवस्था) निर्देशिका, २०७६, सहकारी प्रर्वद्धन कोष सञ्चालन कार्यविधि, २०७६, सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ को पहिलो संशोधन जारी गरीसकेको छ । यसैगरी सहकारी ऐन र नियमावली बमोजिम थप निर्देशिका कार्यविधि जारी गर्ने तयारी मन्त्रालय र विभागले गरेका छन् । विभागले छिट्टै अनुदान छुट सुविधा प्रदान गर्ने निर्देशिका, सहकारी संस्थाको कार्यक्षेत्र निर्धारण, विस्तार तथा पुन निर्धारण निर्देशिका, सहकारी संस्थाको सेवा केन्द्र सञ्चालन कार्यविधि, अन्तर सहकारी कारोबार सञ्चालन कार्यविधि, सहकारी संस्था एकीकरण तथा विभाजन सम्बन्धी कार्यविधि जारी गर्ने तयारी गरेको छ । यी निर्देशिका कार्यविधिलाई चालू आर्थिक वर्षको माघसम्ममा जारी गर्ने लक्ष्य विभागले जनाएको छ । सहकारी संस्थाहरुको संख्या र कारोबार बढ्दै गएपनि अनुगमन प्रभावकारी नहुँदा जोखिम बढिरहेको छ । संघीयतासँगै सहकारीको अधिकार स्थानीय तहसम्म हस्तान्तरण भएपछि सहकारीको अनुगमन ओझेलमा परेको छ । सहकारीको अनुगमनलाई प्रभावकारी र अनलाइन प्रविधिमा आधारित बनाउने भन्दै सरकारले सहकारी तथा गरिवी निवारण सूचना प्रणाली (कोमोमिस) निर्माण गरेपनि प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकेको छैन । पछिल्लो तथ्यांकअनुसार देशभर दर्ता भएका ३५ हजार सहकारीमध्ये १४ हजार बचत तथा ऋण रहेका छन् ।

# परोपकारी व्यक्तित्व प्रताप राज वन्तको सूक्ष्मजीवनी



तेजप्रकाश बानियाँ
काभ्रे, भमरकोट

**लिनु मात्रै केवल स्वार्थ लिनु-दिनु व्यापार**
**दिनु चाहि ठूलो धर्म समाज सेवा अपार ।**

१. पूर्वीय र पश्चिमा दुवै दर्शनमा प्रशंसा गरिएको साझा विषय परोपकार हो । परोपकार कुनै पनि व्यक्ति, वर्ग वा समग्र देशको उत्थानका लागि त्यसबाट हुने फाइदाको कुनै पर्वाह नगरी निःस्वार्थ भावले गरिने सेवा हो । प्राणीहरुमा सर्वश्रेष्ठ र चेतनशील प्राणी मनुष्य नै हो । चेतनाकै कारण एउटा दिमागले एकै समयमा आफ्ना जीवनका धेरै कुरा सोच्न सक्दछ । आफ्नो भविष्य बारे राम्ररी बुझ्न सक्ने हुन्छ । विगतबाट पाठ सिकेर वर्तमानलाई सरल बनाई दिशाबोध गर्न सक्छ ।

२. परोपकार भन्ने बित्तिकै त्यसको कुनै निश्चित विधा, क्षेत्र र आकार हुँदैन । “सेवा नै धर्म हो” भन्ने पूर्वीय दर्शनको मान्यता र आदर्श अनुसार सेवाग्राही निकायको आवश्यकता हेरी प्रदान गरिने निष्काम कर्म हो । परोपकारको आदर्श र महत्व व्याख्या गरेर सकिने विषय पनि होइन । त्यसै भएर होला एउटा धनाढ्य व्यक्तिले कुनै कमजोर पक्षलाई सहयोग गरेमा, त्यो पक्षको कायापलट हुनेमा त्यसो नगरी कुनै धर्म वा वादको नाउँमा करोडौं रुपैयाँ सहयोग गरेको देखिन्छ । हुन त परोपकारी कार्य सफल भएमा सन्तुष्टि बाहेक केही नपाइने तर बिफल भएमा सोझै आलोचना र गाली पाइने विषय पनि हो । तर पनि धेरै मानिसहरुले निःस्वार्थ भावले आफ्नो जीवन परोपकारमा आहुती गरी विश्व प्रसिद्ध बनेका छन् । उदाहरणको लागि नाइटिङ्गले फ्लोरेन्स, हेनरी ड्यूना, हेलन केलेर जस्ता अव्वल परोपकारी व्यक्तित्वहरुलाई लिन सकिन्छ । नेपालमा पनि त्यस्ता एकाध संस्था र व्यक्तिहरु छन् ।

३. परोपकार सेवा धनी गरीब सबैले गर्न सकिने सेवा हो । आफ्नो क्षमता अनुसार बौद्धिक परामर्श, श्रमदान, सामग्री दान, आर्थिक सहयोग, शिक्षा, स्वास्थ्य सेवा आदि अनेकौ तह र तप्काबाट समाजमा सेवा पुर्‍याउन सकिन्छ । यसबाट परोपकारको आदर्श निःस्वार्थ सेवा हो भन्ने स्पष्ट भइसकेको छ, तर पनि यसलाई माध्यम बनाएर आफ्नो सीमित अभिष्ट साधनाका लागि सेवालाई देखाउने दाँत बनाई कानूनद्धारा निषेध कार्यहरुबाट आर्जन गरिएको अवैध सम्पत्ति परोपकार सेवा र उद्योगमा लगाई वैध बनाउने आशयले परोपकार सेवामा लागेको बहाना गरिएको पनि हामीले कयौँ देखेका छौँ । त्यसैगरी गरीब, दुःखी र असहायको सेवालाई मागी खाने भाँडा बनाएर विदेशबाट डलरको खेती भित्र्याउने र त्यसैबाट आफ्नो आयस्तर बढाउने उद्देश्यले वर्षाको समयमा च्याउ उम्रे सरह एन्जीओ र आइएन्जीओ खडा भई बदनाम भएका उदाहरणहरु पनि धेरै छन् ।

४. यो लेखलाई रोचक बनाउन एउटा प्रशङ्ग जोड्न चाहन्छु । ठूला र महत्वकांक्षी व्यक्तिहरु कसरी बनेका हुन र कुख्यातबाट विश्व बिख्यात कहलिएर समाजमा अरुका लागि प्रेरक र उदाहरणीय व्यक्तित्व बने भन्ने बारे हिन्दु शास्त्रका प्राचीन वाङमय अध्ययन गर्दा कति त पारिवारिक पृष्ठभूमि अनुसार जीवनको पूर्व निर्धारित उद्देश्य र पूर्वाधार पुर्‍याएर लक्ष्य प्राप्त गरेका छन् भने, कति चाहि जीवनको भोगाइमा अपर्झट परिआउने घटना-परिघटनाले उसको मानस पटलमा दिएका झट्काको परिणामस्वरुप जीवन नै परिवर्तित भएर प्रसिद्ध पुरुष बनेका छन् । जसको उदाहरण कालीदास, राजा जनक, महर्षि बाल्मिकी, राजा परिक्षित, अष्टावक्र ऋषि, गौतम बुद्ध आदिलाई लिन सकिन्छ । यसबाट के बुझिन्छ भने महापुरुषको अन्तरहृदयमा सुषुप्त अवस्थामा वीज भावले रहेको महापौरुषेय उर्जा पुरै अङ्कुरित भई फैलिनको लागि कुनै वाह्य शक्ति वा प्रेरक तत्वले झट्का दिएपछि उक्त उर्जाको अङ्कुरणले जीवनमा नयाँ मोडलिदो रहेछ भन्ने स्पष्ट हुन्छ ।



५. प्रतापराज वन्तको जीवनमा पनि यस्तै प्रकारको मन छुने घटनाले परोपकारतर्फ लीन भएर लाग्ने अवस्था आएको हो, यद्यपि उहाँ पहिला देखि नै समाज सेवा मन पराउने मान्छे त हुँदै हो । सर्वप्रथम आज भन्दा २७ वर्ष पहिले २०५० बैशाख ३१ गते गोरखा जिल्लाको तत्कालीन बगुवा गा.वि.स.वडा नं.६, की दुर्गा पोखरेल तीव्र रक्तश्रावका कारण उपचारको क्रममा गोरखा जिल्ला अस्पताल जानु भयो । जिल्ला अस्पतालले उहाँको उपचार हुन नसक्ने भनेर फिर्ता गरिदियो । तत्काल दर्गका श्रीमानले प्रताप राज वन्तलाई गोरखाबाट टेलिफोन सम्पर्क गरी जानकारी गराए । तत्काल प्रतापको सुझाव अनुसार एम्बुलेन्सबाट काठमाडौं ल्याए । उपचारको क्रममा प्रतापले खबर गरी बोलाएका अन्य ४ युवाहरु पनि अस्पताल आइपुगे । गाउँका एकजना जनप्रेमी युवाको सहयोगमा काठमाडौं परोपकार प्रसुतीगृह थापाथली अस्पतालमा पुर्‍याइयो । त्यस बखतसम्म बिरामीको अवस्था नाजुक र चिन्ताजनक भइसकेको थियो । त्यस समयमा प्रतापराजको बसाइ काठमाडौंमा थियो । ती युवाहरुले प्रतापसँग पनि भेट गरे ।

६. उपचार खर्चका लागि आवश्यक रकम संकलन गरे । ५ प्वाइन्ट ए नेगेटिभ रगतको व्यवस्था गरे । यसरी युवाहरुको अतुलनीय सहयोग, डाक्टर एवं अस्पतालको प्रयास, रक्तदान सहयोग, भौतिक सहयोग, अनुकूल परिस्थिति र सबैको शुभ चिन्तनले दुर्गाको उपचार सफल भयो । उनलाई नयाँ जीवन प्राप्त भयो । ५ जना लालावालाकी आमाले नयाँ जीवन पाउँदा खुशीको सीमा रहेन । यसै घटनाबाट प्रेरित भई, अहो ! यस्तो समस्या त फेरि फेरि अरुलाई पनि पर्न सक्छ । यसलाई दिगो रूपमा कसरी व्यवस्थित र संस्थागत गर्न सकिन्छ भन्ने सबैको सोच अनुसार २०५० साल जेष्ठ १ गते शुक्रबार सोहि दिन मध्येरातको १ बजेतिर “गोरखा बगुवा स्वास्थ्य कल्याण समिति” नामको संस्था खोलियो । जसको परिमार्जित र परिस्कृत रुप आजको हेड्स नेपाल हो ।

७. यसमा मेचीदेखि महाकाली सम्मका जनसमुदायको सहभागिता हुन थालेपछि संस्थाको नाम बदल्न सबैको मनशाय भएकाले लामो छलफल र बहस पछि संस्थाको नाम **हेड्स नेपाल** ( **HEADS Nepal**) रहन गएको हो । नेपाल जस्तो कृषि प्रधान देशलाई अत्यावश्यक विकाशका पूर्वाधार स्वास्थ्य मात्र नभई कृषि र शिक्षा पनि समेटिने गरी संस्थाबाट गरिने कामको दायरा समेत बढाई **HEADS Nepal** नामाकरण गरिएको हो । अंग्रेजी शब्दबाट नामाकरण गरिएको **HEADS** को प्रत्येक अक्षरहरु र शब्दको ठोस विश्लेषण सहित शब्दार्थ एव्‌म भावार्थ खुल्ने गरी प्रष्ट\याइएको छ । **H-Health, E-Education, A-Agricuture, D-Develop ment, S-Society.** हो । यसलाई फलाई फुलाई सफल बनाउन र आजको अवस्था सम्म आइपुग्न धेरै सहयोगी मन र हातहरुले योगदान गरीरहेकाछन् । त्यसमा आवद्ध सदस्यहरु सबै अत्यन्त सहयोगी र परोपकारी दिलका छन् । आ-आफ्ना तर्फबाट महिनै पिच्छै आर्थिक सहयोग गरीरहेका छन् । नेपालमा यहि मात्र संस्था होला, जसले हालसम्म कुनै एन्जीओ र आईएन्जीओ एवम् विदेशी व्यक्ति वा राज्यबाट रकम नउठाइ आफ्ना सदस्यहरुको सहयोगबाट मात्र चलेको । यसरी एकजना महिलालाई बचाउने सफल प्रयासबाट प्रेरित भई गोरखा जिल्लाबाट सुरु भएको संस्थामा हालसम्म दर्जनौ श्रेयस्कर सदस्य, १५०० भन्दा बढी आजीवन सदस्य र १०००० माथि साधारण सदस्यहरु र हजारौको संख्यामा स्वयंमसेवकहरु समाहित भई विभिन्न जील्लाहरुमा शाखाहरु खुलेका छन् । संस्थाको सदस्यता लिनेहरुमा नेपाल भित्रका मात्र नभई बाहिर विभिन्न ठाउँमा रहने नेपालीहरु र उनीहरुको आग्रहमा केही विदेशी समेतले सदस्यता लिएका छन् । एशीया, यूरोप, अष्ट्रेलिया, अमेरिकाका दर्जनौ देशहरुमा संस्थाको सदस्यहरु विस्तार हुँदै शाखाहरु स्थापना हुने क्रम तीव्ररूपमा जारी छ । यसरी हजारौं हजार जनसमुदायको अभाव, आकस्मिकता, आवश्यकतामा र दैवि तथा प्राकृतिक विपत्तिमा एउटा असल मित्र बन्ने सत्प्रयाशमा छ हेड्स नेपाल । यति मात्र नभएर जुनसुकै जिल्लामा परिआउने दैवी प्रकोप, प्राकृतिक प्रकोप, संक्रामक महामारी, बाढी-पहिरो, आगलागी, भूकम्प जस्ता विपत्तिहरूमा सहयोग पुर्‍याउने काम गरिरहेछ । जेहन्दार तर आर्थिक अवस्था कमजोर भएकाहरु, हेड्स नेपालकै योगदानमा धेरैले स्कुल र कलेजमा अध्ययन गरिरहेका छन् । कतिले स्वास्थ्य सेवा प्राप्त गरिरहेका छन् । यसैगरि विभिन्न क्षेत्रमा उत्पादन तथा रोजगारी अभिवृद्धि हुने खालको आयआर्जनमूखी कार्यक्रम शुरू गर्नका लागि परामर्श सेवा चाहनेले त्यो पनि पाएका छन् । कतिपय स्थानहरु बिशेष गरेर कृषि तथा गैह्रकृषि उत्पादनको क्षेत्रमा स्थानीय जनसमुदायलाई साथ लिई काम गर्दै आएको छ । यसरी सामान्य अवस्थाबाट शुरू भएको संस्था **हेड्स नेपाल** प्रताप राज वन्त र साथीहरुको संयुक्त प्रयासका कारण हजारौं हजार सदस्यहरुको सहभागितामा

बाँकी ७ पृष्ठमा

# रामेछाप डायरी

## रामेछापमा ६५० जनाको पीसीआर परीक्षण

रामेछाप । रामेछाप जिल्लामा अहिलेसम्म पीसीआर विधिबाट ६ सय ५० जनाको कोरोना भाइरस कोभिड १९ परीक्षण गरिएको छ । यसमध्ये विभिन्न समयमा गरि ३१ जनामा संक्रमण पुष्टि भएको र ६ सय १९ जनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय रामेछापले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार संक्रमण पुष्टि भएका मध्ये २३ जना कोरोना मुक्त भएर डिस्चार्ज भैसकेका छन् भने मन्थली नगरपालिकाका ५ जना , दोरम्बा गाउँपालिकाका १ जना र सुनापति गाउँपालिकाका २ जना संक्रमितको आइसोलेशनमा उपचार भैरहेको छ । स्थास्थ्य कार्यालयका अनुसार आइसोलेशनमा उपचाररत सबै संक्रमितको स्वास्थ्य अवस्था सामान्य छ ।

अहिलेसम्म जिल्ला अस्पतालमा ३७ , मन्थली नगरपालिकामा १ सय ५८ , रामेछाप नगरपालिकामा ७१ , उमाकुण्ड गाउँपालिकामा ३२ , खाँडादेवी गाउँपालिकामा ३३ , गोकुलगंगा गाउँपालिकामा १ सय ६९ , दोरम्बा गाउँपालिकामा ३०, लिखुतामाकोशी गाउँपालिकामा ९१ र सुनापति गाउँपालिकामा २९ जनाको पीसीआर विधिबाट कोरोना परीक्षण गरिएको छ । स्वास्थ्य कार्यालयका अनुसार विभिन्न पालिकाहरुमा अहिले १२ जना महिला र ७० जना पुरुष गरि ८२ जना क्वारेन्टिनमा रहेका छन् । कोरोना भाइरसबाट आउनसक्ने जोखिमतालाई मध्येनजर गरी जिल्लामा अहिलेसम्म १ सय ३५ बेडको आइसोलेशन कक्ष र ४ सय ३६ बेडको क्वारेन्टिन कक्ष स्थापना गरिएको स्वास्थ्य कार्यालय रामेछापले जनाएको छ ।

## सुनकोशी २ जलविद्युत आयोजनाले माझी समुदायको पहिचाननै गुम्ने खतरा

रामेछाप । रामेछापको मन्थली नगरपालिका वडा नं ६ कुनौरीमा बसोबास गर्ने माझी समुदायका महिलाहरुले सुनकोशी २ जलविद्युत आयोजना निर्माण भएमा आफुहरुको पैतृक थातथलो र सामाजिक एकता गुम्ने बताएका छन् । २६ औं विश्व आदिवासी दिवसका अवसरमा कुनैरीमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले आइतबार आयोजना गरेको माझी महिलाहरुको भूमि अधिकारका लागि संचार बिषयक अन्तरक्रिया कार्यक्रममा सहभागि महिलाहरुले यस्तो गुनासो गरेका हुन् । कार्यक्रममा सहभागिह महिलाहरुले आयोजना निर्माण भए आफुहरुको भाषा , धर्म ,संस्कृति , परम्परा र पहिचान लोप हुने , लैङगिक हिंसा चोरी जस्ता चुनौतीहरुको सामना गर्नुपर्ने ,शिक्षा स्वास्थ्य , खानेपानी ,बिजुली , यातायातको पहुँचमा समस्या आउँने गुनासो गरेका थिए ।

त्यसैगरी ऐतिहासिक सामाजिक एकता हराउँने ,परम्परा र संस्कृतिमा विचलन र पहिचानमा नकरात्मक प्रभाव पार्नका साथै आर्थिक संकट आउने भएकाले यसका बारेमा गम्भीर बन्न सरोकारवालासंग कार्यक्रममा सहभागि माझी महिलाहरुले माग गरेका थिए । कार्यक्रममा नेपाल आदिवासी जनाजाति चलचित्र महासंघका अध्यक्ष अमृत बहादुर सुनुवार , नेपाल आदिवासी जनजाति महासंघ रामेछापका सचिव श्री बहादुर माझी, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) बागमती प्रदेशका उपाध्यक्ष युवराज श्रेष्ठ , रामेछापका अध्यक्ष नवराज श्रेष्ठ , पत्रकार सुमित श्रेष्ठ र नेपाल घेदुङ संघका केन्द्रीय सदस्य सोनाम ग्यापक लगायतले सुनकोशी २ जलविद्युत आयोजना निर्माण भएमा माझी समुदायहरुको पैतृक थातथलो र सामाजिक एकता गुम्ने मात्रै नभै उनीहरुको भाषा , धर्म ,संस्कृति , परम्परा सहित पहिचाननै लोप हुने खतरा रहेको बताएका थिए । उनीहरुले आफ्नो तथा भूमि अधिकारका लागि एकजुट भएर एउटै स्वरमा सुनकोशी २ जलविद्युत आयोजना र सरोकारवाला निकायसंग लड्न महिलाहरुलाई आग्रह गरेका छन् । कार्यक्रममा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चकी फिल्ड संयोजक सावित्री चेपाङले सुनकोशी २ जलविद्युत आयोजना प्रभावित कुनौरीमा रहेको माझी समुदायमा ३ वटा समुह र भटौलीमा २ वटा समुह बनाएर विभिन्न समस्याहरुको पहिचान गरिएको जानकारी दिइन् । जुन कार्यबाट आयोजना प्रभावित माझी समुदायको भाषा , धर्म ,संस्कृति , परम्परा र पहिचान लोप हुने र उनीहरु शिक्षा स्वास्थ्य , खानेपानी ,बिजुली , यातायातको पहुँचमा नरहने जस्ता समस्या देखिएको उनको भनाई छ ।

## रामेछापमा मास्क प्रयोगमा थप कडाई

रामेछाप । रामेछापमा मास्क प्रयोगमा थप कडाई गरिएको छ । जिल्लामा एक हप्तामा अनिवार्य रुपमा मास्कको प्रयोग गर्न स्थानीय प्रशासनले गरेको आग्रहको बेवास्ता गर्ने ३ सय ४३ जनालाई कारवाही गरिएको छ । लकडाउन खुलेपनि मानिसको भिडभाड भढेसंगै कोरोना संक्रमणको जोखिमता उच्च रहेको भन्दै स्थानीय प्रशासनले गरेको आग्रहलाई बेवास्ता गरि मास्क नलगाई हिड्ने ३ सय ४३ जना भन्दा बढीलाई प्रशासनको निर्देशन अनुसार कारवाही गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापका प्रमुख प्रहरी सहायक निरीक्षक रामेश्वर पाण्डेले बताउनुभयो । उहाले मास्क नलगाई सवारी चलाउने तथा यात्रा गर्ने यात्रुलाई प्रतिव्यक्ति एक सय रुपैयाँ दण्ड जरिवाना गरिएको बताउनुभयो । उहाँले साउन १५ गते यता विना मास्क हिड्ने ३ सय ४३ जना भन्दा बढी कारवाहीबाट ३४ हजार ३ सय जरिवाना संकलन गरिएको बताउनुभयो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापले मास्क नलगाउँनेलाई दण्ड जरिवाना गर्नेमात्रै नभै सवारी साधनमा यात्रा गर्ने तथा पैदल यात्रा गर्ने वृद्ध वृद्धा तथा बालबालिकाहरुलाई निशुल्क मास्क वितरण गरेको पनि उहाँले बताउनुभयो । उहाँका अनुसार गत साउन १५ गते विहीबारयता ट्राफिक प्रहरी कार्यालय रामेछापले सडकमा यात्रा गर्ने वृद्ध वृद्धा तथा बालबालिकाहरुलाई ७ सय ५० पीस भन्दा बढी मास्क निशुल्क वितरण गरेको छ । ट्राफिक प्रहरी प्रमुख पाण्डेले पछिल्लो समय मोटरसाइकलमा यात्रा गर्ने र ढुवानीका साधनहरु चलाउने चालकहरु मास्क नलगाएकै कारण कारवाहीमा पर्ने गरेको बताउनुभयो ।

# हावाहुरीबाट मकैका बोट भाँचिएर सोत्तर

- रवीन्द्र काफ्ले

पाँचथर । तीन दिन निरन्तर चलेको हावाहुरीले बोट भाँच्दा पाँचथरको फालेलुङ गाउँपालिकामा पर्ने उच्च पहाडी क्षेत्रको मकैखेतीमा क्षति पुगेको छ । यही साउन १८ देखि २१ गतेसम्म निरन्तर हावाहुरी चलेको थियो । वर्षापछि हावाहुरी चल्दा यी स्थानमा लगाइएको मकैका बोट भाँचिएका हुन् । हावाहुरीबाट फालेलुङको वडा नं ३, ४, ५ र ६ को ठूलो क्षेत्र तथा वडा नं २ र ७ का केही स्थानमा लगाइएको मकैमा क्षति पुगेको हो । गाउँपालिका अध्यक्ष सञ्चकुमार केरुङका अनुसार गत २१ गते आएको हावाहुरीले सबैभन्दा वढी क्षति पुऱ्याएको हो । "तीन दिन निरन्तर हावा चल्दा कलिलो मकै केही बाँकी राखेन", उहाँले भन्नुभयो, "मकैका बोट कि भाँचिएका छन् कि त सोत्तर भएर लडेका छन् ।" हावाहुरीले फालेलुङ-४ का महभिर, गैरीगाउँ, भैँसे, चेम्फुवा, खुर्बुक, चित्रे, फोक्टे, लाफे, तालखर्कलगायत टोल तथा वडा नं ५ का खेदोक, लुहुदिन लगायत टोलमा लगाइएको मकैखेतीमा अत्यधिक क्षति पुऱ्याएको उहाँले जानकारी दिनुभयो । गाउँपालिकाले प्राविधिक र सुरक्षाकर्मी समेत लिएर अनुगमन थालेको उहाँले बताउनुभयो ।

हावाहुरीबाट अत्यधिक क्षति पुगेको फालेलुङ-४ का वडाध्यक्ष विद्धिमान सावदेनका अनुसार जुँगा च्याप्ने तथा घोगो लगाउने अवस्थाका मकै भाचिँदा ठूलो क्षति पुगेको हो । यहाँको उच्च पहाडी क्षेत्रमा असोज, कात्तिक महिनामा मात्रै मकै पाक्दछ । "सधैँ पनि हावाहुरीले सामान्य क्षति पुऱ्याउँथ्यो", उहाँले भन्नुभयो, "यस वर्ष निरन्तर वर्षा भयो । वर्षा रोकिनासाथ तीन दिनसम्म हावाहुरी चल्दा मकै भाचिँएर, लडेर कामै नलाग्ने अवस्थामा पुग्यो ।" ती वडामा मात्रै झण्डै ४०० परिवारको मकैखेतीमा क्षति पुगेको जनाइएको छ ।

"सबैभन्दा लेकमा बढी क्षति भएको छत्रस । वडा नं ४, ५ र ६ मा बढी क्षति पुगेको छ", वडाध्यक्ष सावदेनले भन्नुभयो, "हामीले क्षतिको यथार्थ विवरण सङ्कलन गरिरहेका छौँ ।" गाउँपालिकाभरिमा करिब एक हजार २०० परिवारको मकैखेतीमा हावाहुरीले क्षति पुऱ्याएको अनुमान गरिएको उहाँको भनाइ छ । उच्च पहाडी क्षेत्रमा खाद्य बालीमध्ये आलुपछि मकै जीविकोपार्जनको मुख्य स्रोत हो । तर फल्न लागेको मकै हावाहुरीले सखाप पारेपछि किसान निराश बनेका छन् । "केही न केही राहत दिनुपऱ्यो भन्ने किसानको माग छ", उहाँले भन्नुभयो, "गाउँपालिकाको स्रोतले मात्रै राहत दिन सकिने अवस्था छैन ।"गाउँपालिका अध्यक्ष केरुङ किसानले राहत माग्न थालेको बताउनुहुन्छ । "लेकमा न धान, कोदो फल्छ न अरु अन्न बाली नै", उहाँले भन्नुभयो, "भएको मकैमा पनि क्षति पुगेपछि किसानलाई समस्या पर्ने नै भयो ।" हावाहुरीबाट मकैखेतीमा पुगेको क्षतिको विवरण सङ्कलनको काम जारी रहेको जनाउँदै गाउँपालिका अध्यक्ष केरुङले राहतका लागि प्रदेश र सङ्घीय सरकारसँग पहल गरिने जानकारी दिनुभयो । उच्च पहाडी क्षेत्रमा माघ तथा फागुन महिनामा मकै रोप्ने गरिन्छ भने उक्त मकै असोज र कात्तिकमा मात्रै पाक्दछ ।

यहाँ ग्रामीण क्षेत्रमा मकै अत्यधिक खपत हुने गर्दछ । स्थानीयस्तरमा उत्पादित मकै खानाका साथै स्थानीय मदिरा उत्पादनमा समेत प्रयोग गर्ने गरिन्छ । पछिल्लो समय व्यावसायिक पशुपालन गर्ने किसानले पशुको आहाराको रूपमा समेत मकैको प्रयोग बढाउँदै लगेका छन् । हावाहुरीले मकैखेतीमा ठूलो क्षति पुऱ्याएपछि फालेलुङ गाउँपालिकाको उच्च पहाडी क्षेत्रका किसान समस्यामा परेका छन् । जिल्लामा हालसम्म एक हजार जनाभन्दा बढीको पिसीआर परीक्षण गरिएको छ । स्वास्थ्य कार्यालय अनुसार शनिबारसम्म यहाँ एक हजार ४८ को पिसीआर परीक्षण गरिएको छ ।

परीक्षण गरिएकामध्ये पाँच मा कोभिड-१९ पोजेटिभ आएको थियो । उनीहरू प्रदेश नं १ का विभिन्न अस्पतालमा उपचारपछि कोरोना भाइरसलाई जितेर घर फर्किसकेको स्वास्थ्य कार्यालयले जनाएको छ । जनप्रतिनिधिले विशेष भूमिका खेलेपछि सङ्क्रमणको सम्भावना उच्च नरहे पनि यहाँ ठूलो सङ्ख्यामा पिसीआर परीक्षण गरिएको हो । यहाँ अग्रभागमा काम गर्ने स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मी सहित केही जनप्रतिनिधिको समेत पिसीआर परीक्षण गरिएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङले यहाँ पिसीआर परीक्षणका लागि सामग्री उपलब्ध गराएपछि ठूलो सङ्ख्यामा परीक्षण शुरु भएको थियो । यसपछि प्रदेश सरकारले स्वास्थ्य कार्यालयको माध्यमबाट निरन्तर स्वाब परीक्षण किट उपलब्ध गराउँदै आएकामा पछिल्लोपटक जिल्लास्थित स्थानीय तहहरूले आफैँले पनि स्वाब परीक्षण किट खरिद गरी परीक्षणको प्रबन्ध गरेका हुन् ।

जिल्लाका फालेलुङ, याङवरक, फिदिमलगायत स्थानीय तहले स्वाब परीक्षण किट खरिद गरी परीक्षणको प्रबन्ध गरेका छन् । जिल्लामा पाँच जनामा कोभिड-१९ पुष्टि भएको थियो र उनीहरू सबै सरकारी उद्धारमा विभिन्न मुलुकबाट फर्केकाहरू थिए । यहाँका पाँचथर क्याम्पस क्वारेन्टिन र फिदिम मावि क्वारेन्टिनमा गरी चार महिला र ३४ पुरुष गरी ३८ जना रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । उनीहरूमध्ये केही विदेशबाट फर्केका तथा केही सङ्क्रमितको सम्पर्कमा पुगेको आशङ्का गरिएका व्यक्तिहरू छन् ।

क्वारेन्टिनमा रहेकालाई सरकारी मापदण्ड अनुसार क्वारेन्टिनमा राखी स्वाब परीक्षणको नतिजा नेगेटिभ आएपछि घर पठाउने गरिएको स्वास्थ्य कार्यालयका प्रमुख नारद सुवेदीले जानकारी दिनुभयो ।

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

***हाम्रा सेवाहरु***

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.
**लाइन्स चोक, नारायणगढ, चितवन**
सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

कोभिड- १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनिकरणका लागि निम्नानुसार गरौं ।

- सेवा प्रवाहमा विभेद नगरौं ।
- पहुँचवालाको काम तत्काल हुने र पहुँच नहुनेको कामको लागि निरन्तर धाउनुको विकल्प नहुनुको संस्कृति तत्काल हटाऔं ।
- गैहकानूनी लाभका लागि जस्तो सुकै कार्य गर्ने प्रवृत्तिले ल्याएको सामाजिक विचलनलाई परास्त गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तराष्ट्रिय समाचार

### अमेरिकी कदम बिरुद्ध चीनद्वारा ११ अमेरिकीमाथि प्रतिबन्ध

चीनले अमेरिकी सिनेटरहरु मार्को रुबिओ र टेड क्रुज समेतका ११ जना प्रभावशाली अमेरिकी नागरिक विरुद्ध प्रतिबन्धहरुको घोषणा गरेको छ । हङकङ मामिलासँग जोडिएको भन्दै अमेरिकाले चिनियाँ अधिकारीमाथि प्रतिबन्धहरु घोषणा गरेको विरोधमा चीनले उक्त घोषणा गरेको जनाएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजियानले मन्त्रालयमा आयोजित नियमित प्रेस ब्रिफिङका क्रममा हङकङसँग सम्बन्धित मामिलामा केही मानिसले नराम्रो व्यवहार गरेकाले प्रतिबन्धहरु लगाउनु परेको जानकारी दिनुभयो । चिनियाँ प्रतिबन्धको सूचीमा ह्युमन राइट्स वाचका निर्देशक केनेथ रथ र नेसनल इन्डाउमेन्ट फर डेमोक्रेसीका अध्यक्ष कार्ल गर्सम्यान पनि रहनु भएको छ । अमेरिकाले शुक्रबार हङकङकी प्रमुख कार्यकारी क्यारी लाम र १० जना चिनियाँ वरिष्ट अधिकारीको संयुक्तराज्य अमेरिकामा रहेका सम्पत्ति रोक्का राख्ने घोषणा गरेको थियो । चीनले हङकङमा नयाँ सुरक्षा कानुन लागू गरेपछि त्यसको विरोधमा अमेरिकाले कडा प्रतिबन्धहरु घोषणा गरेको बताइएको छ । अमेरिकाले हङकङकी प्रमुख कार्यकारी क्यारी लाम र प्रतिबन्धहरु घोषणा गरिएका अरु चिनियाँ वरिष्ट अधिकारीहरुले चीनका नीतिहरु हङक¬ङमा कार्यान्वयनमा ल्याउन प्रमुख भूमिका निर्वाह गरेको आरोप लगाएको छ । प्रवक्ता झाओले अमेरिकी कदमले चीनको आन्तरिक मामिलामा गम्भीर हस्तक्षेप गर्नुका साथै अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लंघन गरेको बताउनुभएको छ ।

### बेलारुसमा लुकासेन्को ८० प्रतिशत मतका साथ विजयी, विपक्षीहरुको विरोध प्रदर्शन

बेलारुसको राष्ट्रपति पदमा अलेक्जान्डर लुकासेन्को ८० प्रतिशतभन्दा बढी मत ल्याएर विजयी हुनु भएको छ । उहाँ बेलारुसको राष्ट्रपति पदमा छैटौं पटक विजयी हुनु भएको हो । केन्द्रीय निर्वाचन आयोगले सोमबार चुनावी नतिजा सार्वजनिक गरेलगत्तै चुनावमा धाँधली भएको आरोप लगाउँदै देशव्यापी विरोध प्रदर्शन शुरु भएका छन् । लुकासेन्कोलाई मुख्य रुपमा चुनौती दिएकी विपक्षी नेतृ स्भेत्लाना तिखानोभ्स्कायाले ९.९ प्रतिशत मत मात्र प्राप्त गर्नु भएको निर्वाचन आयोगले जनाएको छ । आयोगका अनुसार अरु तीन जना उम्मेदवारले दुई प्रतिशतभन्दा कम मत ल्याएका छन् । चुनाव सम्पन्न भएलगत्तै सार्वजनिक चुनावी मतसर्वेक्षणले लुकासेन्कोले भारी मतका साथ विजयी हुने विवरण सार्वजनिक गरेसँगै राजधानी मिन्स्क र अरु शहरमा लुकासेन्को विरुद्ध विरोध प्रदर्शन भएका थिए । प्रहरीले प्रदर्शनकारीलाई तितर बितर बनाउन बल प्रयोग गर्नु परेको थियो । यसैबीच प्रहरी कारबाहीमा एक जना प्रदर्शनकारीको मृत्यु भएको छ भने दर्जनौं व्यक्ति घाइते भएका छन् । प्रहरीले प्रदर्शनकारीमाथि ग्रिनेड, रबरका गोली र अश्रुग्यास प्रहार गरेको प्रत्यक्षदर्शीले बताएका छन् । भियास्ना मानव अधिकार केन्द्रले प्रहरीले प्रदर्शनकारीमाथि ज्यादै बल प्रयोग गरेको जनाएको छ । भियास्नाका प्रतिनिधि सर्गेई सिसले प्रदर्शनमा सहभागी ३०० भन्दा बढीलाई प्रहरीले गिरफ्तार गरेको बताउनुभयो । भियास्नाका अनुसार कम्तीमा १० जना प्रदर्शनकारी अस्पताल भर्ना भएका छन् । बेलारुसको गृह मन्त्रालयकी प्रवक्ता ओल्गा चेमोडानोभाले प्रहरी कारबाहीमा कुनै प्रदर्शनकारीको मृत्यु नभएको दाबी गर्नु भएको छ । यसैबीच, रसियाका राष्ट्रपति भ्लादिमिर पुटिनले बेलारुसको राष्ट्रपतिमा निर्वाचित हुनुभएका लुकासेन्कोलाई कार्यकाल सफलताको शुभकामना दिनुभएको छ । तर पोल्यान्डले बेलारुसको पछिल्लो अवस्था एवं विवादास्पद राष्ट्रपतीय निर्वाचनका बारेमा छलफल गर्न युरोपेली युनियनको आपतकालीन बैठक डाक्न आग्रह गरेको छ । पोल्यान्डका प्रधानमन्त्री मेटिउज मिराविकीले जारी गर्नु भएको वक्तव्यमा बेलारुसका जनताको स्वतन्त्रता प्रतिको चाहनालाई सम्मान गर्न युरोपेली युनियन तत्पर हुनुपर्छ भनिएको छ ।

### विश्वमा कोरोना भाइरस संक्रमितको दुई करोड नाघ्यो

विश्वमा कोरोना भाइरस सङ्क्रमितको संख्या दुई करोड नाघेको छ । विश्व स्वास्थ्य (डब्लुएचओ) ले सोमबार दिएको जानकारीअनुसार विश्वमा दुई करोड २६ हजार २११ व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् । कोरोना भाइरस सङ्क्रमणको कारण विश्वभरी सात लाख ३४ हजार २५ जनाको मृत्यु भएको पनि सो संगठनले जनाइएको छ । सोमबारसम्म विश्वभरीमा एक करोड २९ लाख ७५७ जना व्यक्ति कोरोना सङ्क्रमणबाट मुक्त भएका छन् । विश्वभरमा हाल ६३ लाख ९१ हजार ५०५ व्यक्ति कोरोना भाइरस सङ्क्रमित रहेका र उनीहरुको उपचार भइरहेको छ ।सङ्क्रमितमध्ये ६४ हजार ९९४ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ । डब्लुएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र ५१ लाख ९९ हजार ४४४ जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा एक लाख ६५ हजार ६१७ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ । दक्षिण अमेरिकामा ४७ लाख ५० हजार ४०४ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ एक लाख ५९ हजार ७२९ जनाको मृत्यु भएको छ । उत्तर अमेरिकामा ६१ लाख २० हजार ५१५ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ दुई लाख ३४ हजार ८४५ जनाको मृत्यु भएको छ । युरोपमा ३० लाख ३६ हजार ७५२ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने दुई लाख ६ हजार १४१ को मृत्यु भएको छ । एसिया ५० लाख ४२ हजार ४७० जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने एक लाख ९ हजार ६३१ जनाको मृत्यु भएको छ । अफ्रिकामा दश लाख ५२ हजार ४० जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने २३ हजार ३२४ जनाको मृत्यु भएको छ । ओसियानामा २३ हजार ३०९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने ३४० जनाको मृत्यु भएको छ ।

### तालिबानहरु अफगान सरकारसँग वर्ताका लागि तयार

अफगानिस्तानमा विगत लामो समयदेखि सशस्त्र हिंसा गरिरहेका तालिबानी लडाकूहरुको समूह अफगानिस्तानको सरकारसँग वार्ता गर्नका लागि तयार रहेको बताइएको छ । उनीहरुका बन्दीहरुलाई अफगानिस्तानको सरकारले मुक्त गरिदिएमा तालिबानीहरु यसैहप्तामा नै सरकारसँग वार्तामा बस्न तयार भएको प्रवक्ता सुहिल साहिनाले बताएका छन् । उनलाई उद्धृत गर्दै अफगानिस्तानको टोलो टेलिभिजनले भनेको छ कि सरकारले रिहा गर्ने भनेका तालिबानीहरुका बन्दीहरुलाई सरकारले रिहा गरिदिएमा उनीहरु वार्तामा बस्न तयार छन् र उनीहरु यसै हप्ता पनि वार्तामा बस्न तयार रहेका हुन् ।

# परोपकारी...........

निकै परोपकारी र जनप्रिय कामहरु गर्न सफल भएको छ ।

९. **हेड्स नेपाल** बाहेक पनि प्रताप राज वन्तको तर्फबाट भएका विभिन्न कामहरुको फेहरिस्त सहित व्याख्या गर्ने हो भने प्रत्येक विषयमा छुट्टाछुट्टै उपयुक्त साइजको पुस्तक नै तयार हुन सक्छ । यो काम उहाँको जीवनीमा अथवा उहाँको बारेमा खोज, अनुसन्धान गर्ने विद्वानबाट हुने नै छ । यो पंक्तिकारको मनशाय उहाँको मिहिनेत र परोपकार सेवाको पाटोको बारेमा सूक्ष्मरूपमा जानकारी गराउनु मात्र हो ।

लिनु मात्र केवल स्वार्थ लिनु-दिनु व्यापार !

दिनु चाहिँ ठूलो धर्म समाज सेवा अपार ! !

भन्ने आदर्श वाक्यलाई नै सर्वोपरी मानेर परोपकार सेवामा अगाडि बढ्दै गरेका प्रताप राज वन्त २०४२ साल असार १९ गतेबाट, काठमाडौँ ठमेल निवासी समान उद्देश्य भएकी दुर्गा मानन्धर वन्तसँग विवाह बन्धनमा बाँधिनु भयो । यसपछि त झन् उहाँलाई परोपकारमा हातमा हात थपियो ।

१०. प्रतापराज वन्तको र मेरो भेटघाट, चिनजान भएको करिब ६ वर्ष भयो । भेट भएदेखि नै उहाँको काम देखिरहेको छु । नियाली रहेको छु । आफैलाई अचम्म लाग्छ । हेड्स नेपालको दर्जनौँ अस्पतालहरुसँग सहज र सरल उपचार सेवा प्रदान गर्न हेतु समन्वय हुँदै गएको छ । कार्यालयमा दैनिक आउने बिरामीहरुलाई व्यथाको प्रकृति अनुसार कस्तो अस्पतालमा लानुपर्ने हो, त्यसका लागि प्रतापकी धर्मपत्नी (हेड्स नेपालका केन्द्रीय समिति सदस्य तथा केन्द्रीय-स्वास्थ्य विभाग प्रमुख,) दुर्गा मानन्धर वन्तले दैनिक डिउटी नै दिनुभएको छ । “दिलोज्यानले मानव समुदायको सेवा गरौँ” भन्ने नारा बोकेको हेड्स नेपालका सम्पूर्ण कार्यकर्ताहरुको तीव्र आकांक्षा नेपाललाई पवित्र परोपकारको सुन्दर देश भनेर विश्वमा चिनाउन सकिन्छ भन्ने छ । यसै क्रममा मकाउ, इजरायल लगायत केहि देशहरुमा त हेड्सका शाखाहरु समेत खुलिसकेका छन् । दर्जनौँ देशहरुमा सयौँ सदस्यहरु कार्यरत छन् र शाखाहरु स्थापना हुने क्रम जारी छ । मलाई लाग्छ, यस्तै मिहिनेतका साथ अगाडि बढ्दै गरेमा नेपालबाट जन्मेको यो सानो संस्थाले विश्व समुदायलाई परोपकारको असल सन्देश छर्न सक्ने सम्भावना धेरै टाढा छैन । हामीलाई थाहा छ, झिल्को ज्वाला बन्न सक्छ, हजारौँ माइलको यात्रा एउटै दरो पाइलाबाट शुरू हुन्छ .

११. जीवनमा उच्चतहको राजनीतिक मोह, आफूले गर्दै गरेको सुविधा सम्पन्न नोकरी, आफ्नो नीजि इन्जिनियरिङ्ग कम्पनी सारा चिजलाई छाडेर परोपकारमा लाग्ने वन्त २०६८ सालदेखि हेड्स नेपालमा पूर्णकालीन स्वयंसेवकको रूपमा समर्पित हुनुहुन्छ । यसरी कुनै संस्थामा दैनिक कार्यालय गए झै र व्यस्त मुख्य कार्यकारी अधिकारी झै अहोरात्र मानव उपकारका लागि उपलब्ध गराउन गइरहनु भएको छ । घर परिवारमा परिआउने कामलाई थाती राखेर परोपकारी काम गरिरहेको देखिन्छ । केहि वर्षदेखि हेड्स नेपाललाई आफूले मासिक रु. १५०००/- जेठो छोरा प्रशान्तराज वन्तले रु.५००/- नियमित योगदान गर्दै आउनु भएकोमा २०७७श्रावण महिनादेखि धर्मपत्नी दुर्गा मानन्धर वन्त, जेठी बुहारी सन्तोषी र कान्छी बुहारी निलु समेतबाट प्रति महिना रु ५००/- आर्थिक सहयोग गर्ने हुनु भएको छ ।

१२. प्रताप राज वन्तले संस्थागत काम बाहेक आफैले व्यक्तिगत रूपमा पनि २०३५ सालदेखि नै आर्थिक अवस्था कमजोर भएका कैयौँ जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरेर उज्यालो भविष्यतिर लम्कने अवसर दिनु भएको छ । यस्ता वरिष्ठ परोपकारी, **“बाँच र बाँच्न देउ”** भन्ने विचार भएका, आफ्ना अग्रज, अनुज, मान्यजन, सहकर्मी सबैमा श्रद्धाभावराख्ने मृदुभाषी, उत्प्रेरणाशील उर्जावान कुसल वक्तृत्वकलाप्रेमी, वाकपटुता भएका असाधारण तथा बहुआयामिक प्रतिभाका धनी प्रतापराज वन्तको बारेमा सूक्ष्म जानकारी गराउने प्रयत्न गरेको छु ।

१३. परोपकारी प्रतापराज वन्तको जन्म वि.स.२०१८ साल फागुन ११ गते वृहस्पति बारका दिन, गोरखा जिल्ला भीमसेनथापा गाउँपालिका वडा नं. ५ धरम्पानी, मिलनबस्तीमा भएको हो । बाबा यमराज वन्त र माता चिनी माया वन्तका पाँचौँ सन्तानको रूपमा जन्मिएका प्रतापले कखहरा पढाइ घरैबाट शुरू गर्नु भयो । गोरखाको वन्त परिवार उच्च मध्यम खालका छन् । नेपालमा डवल इन्ट्री लेखा प्रणाली शुरु गर्ने मुलुकी खरिदार गुण वन्त सिह, प्रतापराज वन्तको छैटौँ पुस्ता अगाडिको जिजुबुबा हुनुहुन्छ । प्रतापले कखहरा जानेपछि २ कक्षादेखि विभिन्न कारणवश एस्.एल.सी दिने बेलासम्म चामुण्डा प्रा.वि, खाञ्चोक गोरखा, विद्यासागर विद्यापिठ, कलकत्ता, दुल्लभ नि.मा.वि. घ्याम्पेसाल, गोरखा हुँदै अन्त्यमा शक्ति मा.वि.गोरखा सदरमुकाम पुगेर स्कुल तहको अध्ययन पूरा गर्नु भयो । उच्च शिक्षा हासिल गर्ने क्रममा पृथ्वीनारायण क्याम्पस, पोखरामा केही महिना अध्ययन गरी शंकरदेव क्याम्पस, काठमाडौँबाट, आइकम उत्तीर्ण गर्नुभयो । पछि गएर केही समय पिपुल्स क्याम्पसमा बि.कम. अध्ययन गर्नुभयो तर स्नातक तहको अध्ययन अर्थशास्त्र र राजनीति शास्त्रमा प्राइभेट परीक्षाबाट उत्तीर्ण गर्नुभयो । तत्पश्चात त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा अध्ययन पुरा गर्नु भयो र समाज शास्त्र/मानव शास्त्रमा स्नातकोत्तर गर्नु भयो ।

१४. बाल्यकालदेखि नै परोपकारी सेवामा रुचि राख्ने उहाँले २०३५ सालमा मानव कल्याण संघ स्थापना गर्नु भयो । आफू प्रमुख संस्थापक बनेर संघ चलाउनु भयो । २०३६ साल असोजबाट शान्ति प्रा.वि.को स्थापनामा सक्रिय सहयोग पुऱ्याउनु भयो । त्यसैसाल पौषबाट दुल्लभ मा.वि.मसेल घ्याम्पेसालमा अर्थशास्त्र र स्वास्थ्य शिक्षाको अध्यापन गराउन थाल्नुभयो । त्यहाँ विद्यालयबाट प्राप्त ७ महिनाको तलब गरीब, असहाय र अनाथ विद्यार्थीहरुका लागि सतप्रतिशत योगदान गर्नुभयो । २०३७ मा बगुवाको रिठ्ठेपानी, कसिन्थोक डाण्डाँडा बगुवा लामाचौर र खान्चोक गरी ४ वटामा विद्यार्थी क्लबहरु स्थापना गरी खेलकुदमा प्रोत्साहन जगाउँदै असहाय, अनाथ र गरीब विद्यार्थीहरूलाई पढाइमा मदत गर्नु भयो । २०३७ मा रामचन्द्र प्रा.वि. रिठ्ठेपानी गोरखाको प्रमुख संस्थापक प्रधानाध्यापक भई स्वयंसेवकको रूपमा १९ महिना काम गरी विद्यालयलाई नमूना लायक बनाउनु भयो । २०३८ मा रिठ्ठेपानी, गोरखामा परोपकार प्राथमिक उपचार केन्द्र स्थापना गराउनु भयो । २०३८-२०४२ मा ताकु, ओयाक, अश्राङ्ग, बोर्लाङ्ग, ताप्ले र मसेलसमेत गरी गोरखाको ६ ठाउँमा परोपकार उपचार केन्द्र स्थापना गराउनु भएकोले, हजारौँ हजारले स्वास्थ्य उपचार सेवा प्राप्त गरे ।

१५. उपर्युक्त ६ ठाउँको उपचार केन्द्रहरु मध्ये ताकु र रिठ्ठेपानी केन्द्रले ज्यादै राम्रो सेवा उपलब्ध गराएकोले ती दुवैलाई प्रवर्द्धन गरी परोपकार दान विभाग शाखा (हेल्थ पोष्ट वा सो सरह) मा रुपान्तरण गरी सेवामा व्यापक विस्तार गर्नुभयो । २०३८ मा सिक्रेमा श्री दूधकन्या प्रा.वि. स्थापना गर्न उत्प्रेरित गर्दै चेतना जगाउनु भयो । २०३८ मै परोपकार संस्थाको आजीवन सदस्य तथा स्वयंसेवकको रुपमा प्रवेश गर्नुभई हाल केन्द्रीय वोर्ड मेम्बरमा सेवारत हुनुहुन्छ । २०४० पौषबाट शान्ति उच्च प्रा.वि.बगुवाको प्रधानाध्यापक भएर सेवा प्रदान गर्नुभयो । विद्यालयबाट प्राप्त ७ महिनाको सबै तलब भत्ता विद्यालयलाई योगदान गर्नुभयो । पछि गएर तनहुँको छाब्दीवराह र रुपा पिपलटार, वाराको सानो मनगढवामासमेत परोपकार उपचार केन्द्र स्थापना गरी सेवा पुऱ्याउनु भयो । २०४४-४५ मा गोरखा, मसेलको घ्याम्पेसाल, बगुवाको खाञ्चोक र ताप्लेको अहाले भञ्ज्याङ्गमा “बजार सुधार समाज” गठन गरी बजारलाई सुन्दर, शान्त र समृद्ध तुल्याउन प्रयासरत रहनुभयो । २०४५ मा ज्ञानज्योति पुस्तकालय स्थापना गर्नु भयो । २०४५ मै श्री माउन्टेन भ्यू, सामाजिक आवासिय विद्यालय स्थापना गराउनुभयो । परोपकारकै क्रममा अझ यसको क्षेत्रलाई विस्तार गरी, २०४४-२०४७ सम्ममा तीन वर्ष गोरखाको बगुवा र ताप्लेमा विपन्नका लागि आयआर्जन कार्यक्रम सञ्चालन गरी अतुलनीय सेवा प्रदान गर्नु भयो ।

१६. ताप्ले र बगुवामा आयआर्जन मूखी कार्यक्रम सञ्चालन गर्न इष्ट कन्सल्ट प्रा.लि.काठमाडौँको सानो सहयोगमा, फलफूल तथा तरकारी खेती, तामा, पित्तल तथा फलामको भाँडा वर्तन बनाउने, लुगा सिउने मेसिन तथा कपडा आदि कार्यमा सहयोग पुऱ्याउनु भयो भने कृषिमा फलफूल तथा तरकारी बाली लगाउन हजारौँ किसानहरुलाई बिउँविजन तथा तालिम प्रदान गर्नुभयो । २०४४ र २०४५ सम्म ताप्लेको अहाले भञ्ज्याङ्गमा अवस्थित श्री महालक्ष्मी मा.वि.मा २ वर्ष अंग्रेजी विषय अध्यापन गर्नुभयो । तर सो वापत प्राप्त हुने रकम पनि विद्यालयकै लागि सतप्रतिशत योगदान गर्नुभयो । २०४८ मा शिवज्योति प्रा.वि.स्थापना गर्ने क्रममा हुनेसम्म सहयोग गर्नुभयो । २०५० मा हेड्स नेपाल स्थापना गराउनुभयो । २०५१ मा श्री शान्ति निमावि लाई मा.वि.मा रुपान्तरण गराउन, ९ कक्षाको स्विकृतिको लागि रु.७५,०००/- र १० कक्षाको स्किृतिको लागि रु.२५,०००/- व्यवस्थापन गर्नुभयो । आमाको नाममा विद्यालयमा २ कोठे **“चिनिमया स्मृति भवन”** निर्माण गराइदिनु भयो । त्यसरी नै २०५५ मा जनसेवा सामुदायिक औषधालय स्थापना गराउनु भयो । संघ-संस्थामा आवद्ध हुने क्रममा राष्ट्रिय स्तरको Friends for peace, Nepal र परोपकार संस्थाको हालसम्म केन्द्रीय वोर्ड मेम्बर हुनुहुन्छ ।

१७. २०६६ मा २०१६ सालमा निर्मित, चामुण्डा प्रा.वि.को पुननिर्माणको पूर्ण रूपमा जिम्मेवारी बहन गरी स्थानीय केही समाजसेवी व्यक्तिहरुको सहयोगमा रु.२२ लाख संकलन गरी नयाँ भवन निर्माण गराउनु भयो । यसै विद्यालयमा उहाँले २०२४/२०२५ प्रा.वि.कक्षा अध्ययन गर्नुभएको थियो । २०६७ मा हेड्स नेपालका संस्थापक परिवारलाई परिचालन गरी दरौँदी बहुउद्देश्यीय सहकारी संस्था स्थापना गर्नु भयो । २०६९ हेड्स नेपालमार्फत बहुउद्देश्यीय श्रोत केन्द्र गोरखामा स्थापना गरी २०६९ देखि २०७२ सम्म ४ वर्ष श्रोतकेन्द्रमा रातदिन विताइ मिहेनत गर्नु भयो । २०६९ मा जनसेवा कृषि उत्पादन सहकारी स्थापना गराउनु भयो । २०७० मा कफी सहकारी स्थापना गर्नुभयो । २०७१ मा जालपा सहकारी र हेड्स नेपाल बीच सहकार्य गर्न प्रमूख सहजकर्ताको भूमिका निभाउनु भयो ।

१८. यसैगरी, २०७१ मा “समुन्नत युवा क्लब” स्थापना गराउनु भयो । २०७१ मा “लामाचौर बजार सुधार समाज” स्थापना गर्नु भयो । २०७१ मै “सृजनशील बाल क्लब” स्थापना गर्नुभयो । उहाँका एकजना दिदी दुई भानिज सहित परिवारै अष्ट्रेलिया, अर्की दिदी र तीन भानिज मध्ये दुई भानिज फिनलैण्ड र एक भानिज अष्ट्रेलिया, आफ्नै कान्छो छोरो र बुहारी पनि अष्ट्रेलियामा उच्च शिक्षा हासिल गरी प्रोफेशनल व्यवसाय भर्खरै शुरू गर्दै छन् । एक बैनीको परिवार २०५० देखि अमेरिका र अर्कि बैनी परिवार पनि २०५२ देखि नै अमेरिका र एक दाइ तीन छोरीसहित अष्ट्रेलिया, अर्को माइलो दाइ २०४८ देखि नै अमेरिकामा स्थाई बसोबास गरी सबैले आ-आफ्नै नीजि व्यवसायमा व्यस्त भई समृद्ध जीवनयापन गरिरहेका छन् । यसरी आफ्ना नजिकका परिवारका सबै सदस्यहरु विदेशमा रहँदा पनि उहाँलाई विदेश मोह कहिल्यै भएन र छैन पनि । जे गर्न, जति गर्न सकिन्छ, जसरी गर्न सकिन्छ नेपालमा नै गरौँ भन्ने राष्ट्रिय सोच उहाँमा मजबुद ढंगले रहेकोछ ।

१९. तीनै वन्त भाइको परोपकारी सत्कर्ममा समर्पण देखेर स्वयं म पनि हेड्स नेपालको श्रेयस्कर सदस्य बनेको छु भने मेरा दुई छोरीहरु सगुना र सलुना पनि आजीवन सदस्य बनेका छन् । नेपाली सेनाको सहायकरथी दर्जाबाट निवृत्त भए पश्चात प्रतापको आमसमुदायको उपकारमा समर्पित लगाव, त्याग र ध्यानले मलाई पनि परोपकारमा थप आकर्षित मात्र गरेन, अपितु उत्प्रेरित पनि गरिरहेको छ । त्यसकारण जीवनको अन्तिम निमेषसम्म हेड्स नेपालको परोपकारी अभियानमा सक्रिय सहभागी हुने प्रतिवद्धता जाहेर गरेका छु । मैले पनि २०७७श्रावण महिनाबाट म आफू, श्रीमति, दुई छोरी र तीन नाति नातिना समेत सात जनाले नियमित योगदान गर्ने हिसाबले हेड्स नेपालसँग प्रतिवद्धता जनाएको छु । यसैगरि जो कोहीलाई पनि हेड्स नेपालको परोपकारी अभियानलाई सहयोग गर्न अपील गर्दछु । अन्त्यमा परोपकारको शिलशिलामा वन्तले ६० भन्दा अधिक जिल्ला भ्रमण गर्नु भएको छ भने अनुसन्धान तथा विकास कामको सिलसिलामा डोल्पा र मुगुबाहेक ७३ जिल्ला भ्रमण गर्नु भएका वन्तलाई उहाँले हात हालेका कार्यहरुमा सदैव सफलता मिलोस, समाजले निरन्तर यस्तो सेवा पाइरहोस, भन्ने शुभकामना व्यक्त गर्दछु । हाल उहाँ धर्मपत्नी, दुई छोरा, दुई बुहारीको अभिभावकको रुपमा काठमाडौँको सामाखुसीमा बस्दै आउनु भएको छ । तथापी परोपकारी अभियानको शिलशिलामा नेपालका कुनै पनि जिल्लाहरुमा बारम्बार भ्रमण गरिरहनु हुन्छ भने संगठन निर्माणार्थ देश तथा विदेशमा निरन्तर यात्रा गरिरहनु हुन्छ ।

अन्त्यमा, उहाँको जीवनमा
आइपर्ने हरेक प्रकारका परोपकारी
कृयाकलापमा पूर्ण सफलताको
कामना गर्दछु ।

**जय परोपकार ! ‘अस्तु’**


## जलदेवी सामुदायिक वनको आकर्षण




***जिप लाइन***

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ । घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं ।**

***आकर्षणहरु***

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट ।**


# राजबाबुका दुई कृति विमोचन

काठमाडौँ । पुष्पपराग साहित्य प्रतिष्ठानको आयोजनामा प्रतिष्ठानका कार्यकारी सदस्य राजबाबु श्रेष्ठ ‘सागर’ का दुई कृति ‘देशको चिना’ मुक्तक सङ्ग्रह र ‘हराएका छोराहरु’ कविता सङ्ग्रह साउन २३ गते शुक्रबार नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति श्री गंगाप्रसाद उप्रेतीले विमोचन गर्नुभयो । उक्त






अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव प्रा। जगत्प्रसाद उपाध्याय र काव्य विभाग प्रमुख प्रा।डा। हेमनाथ पौडेल समेत उपस्थित हुनुहुन्थ्यो ।

प्रतिष्ठानका अध्यक्ष डा। यज्ञेश्वर निरौलाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै नेपाल प्रज्ञा-प्रतिष्ठानका माननीय कुलपति श्री गंगाप्रसाद उप्रेतीले वर्तमान बन्दाबन्दीको समयमा व्यक्ति घरमै बसेर यस्ता स्तरीय कृति रचना गरिरहेको अरु उदाहरण दिँदै कवि राजबाबु श्रेष्ठ ‘सागर’ ले गरेको प्रसंशनीय कार्यको सह्राहना गर्नुभयो ।

सागरका प्रत्येक कविता आफैमा स्तरीय रहेका र उनले प्रयोग गरेका विम्ब तथा प्रतीकले कविता तथा मुक्तकलाई उच्चस्तरमा पुर्याएको भन्दै यस्तो ऊर्जाशील कलम नबिसाउन कवि सागरलाई विशेष आग्रह गर्नुभयो ।

हरेक व्यक्तिको स्रष्टा व्यक्तित्वलाई विकसित र ऊर्जामय बनाउन नै साहित्यिक संघसंस्था स्थापना भएका छन् । पुष्पपराग साहित्य प्रतिष्ठानले ऊर्जाशील स्रष्टालाई समेटेर सराहनीय कार्य गरिरहेको र राजबाबु श्रेष्ठको स्रष्टा व्यक्तित्वलाई मलजल पुर्याई हराभरा बनाउने कार्य गरेको स्मरण गर्दै प्रतिष्ठानलाई विशेष धन्यवाद दिनुभयो । कार्यक्रमको अध्यक्षता गरिरहनुभएका पुष्पपराग साहित्य प्रतिष्ठानका अध्यक्ष समेत रहनुभएका डा। यज्ञेश्वर निरौलाले प्रतिष्ठानले आफूमा संलग्न साहित्यकारहरुको उन्नतिमा सधैँ साथ दिइरहेको भन्दै कवि राजबाबुको कवित्वशक्तिमाथि सक्षिप्त चर्चा गर्नुभएको थियो । उक्त कार्यक्रममा कवि राधा कार्की, साहित्यसेवी विश्वास घिमिरे तथा रविन्द्र तिमिल्सिना एवं प्राज्ञ शशि लुबुम्बु लगायतका व्यक्तित्वको उपस्थिति थियो । पुष्पपराग साहित्य प्रतिष्ठानका सचिव डा। प्रदीपकुमार मैनालीले कवि ‘सागर’कै कविता वाचन गरी स्वागत मन्तव्य दिनुभएको थियो भने सदस्य टी।एन। भट्ट ‘विश्वामित्र’ ले कवि राजबाबु श्रेष्ठका छानिएका कविता वाचन गर्दै कार्यक्रम सञ्चालन गर्नुभएको थियो । कोरोना महामारीका कारण भौतिक दुरी कायम गर्दै सञ्चालन गरिएको उक्त कार्यक्रममा सत्त्यात्मक उपस्थिति कम भए पनि गुणात्मक उपस्थितिले कार्यक्रमलाई गरिमामय बनाएको थियो ।

# विदेशमा कोरोनाले १९१ नेपालीको निधन

काठमाडौँ । कोरोना भाइरस सङ्क्रमणबाट हालसम्म विदेशमा १९१ जना नेपालीको अकालमा निधन भएको छ । गैरआवासीय नेपाली सङ्घका अनुसार पछिल्लो समय भारतमा थप दुई जना नेपालीको निधन भएको थियो । शनिबार साँझसम्म नेपालसहित विभिन्न देशमा २६४ नेपालीको कोरोनाकै कारणले निधन भैसकेको छ । सङ्घअन्तर्गतको स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार यस साता भारत, अष्ट्रेलिया, बेल्जियम, पोल्याण्ड, फ्रान्स, कतार, साउदी अरेबियामा रहेका नेपालीमा थप सङ्क्रमण देखिएको छ । गत साताको तुलनामा मध्यपूर्वका देशहरू कतार, युएई, साउदी अरबलगायतमा कोरोना सङ्क्रमणको दरमा कमी आएको छ । यस साता अष्ट्रेलिया रहेका १४६ नेपालीमा नयाँ सङ्क्रमण थपिएको समितिले जनाएको छ । समितिका अनुसार गत साता लग्जेम्वर्गमा रहेका नेपाली सङ्क्रमितहरू सङ्क्रमणमुक्त हुँदै गएका छन् । विश्वका ३८ देशमा रहेका नेपालीहरू कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् । तीमध्ये १६ देशमा रहेका नेपालीको कोरोनाका कारणले निधन भएको छ । कोरोना भाइरसका कारण बेलायत, युएई, साउदी अरब, बहराइन, कुवेत, कतार, आयरल्याण्ड, जापान, टर्की, नेदरल्याण्ड र स्वीडेंन, भारत, नेपाल, साउथअफ्रिकालगायतका देशमा रहेका नेपालीको निधन थियो । हालसम्म नेपालसहित विदेशमा रहेका ५५ हजार ९२५ जनामा कोरोना सङ्क्रमण देखिएको छ । ती मध्ये ४७ हजार ४३७ कोरोना सङ्क्रमणबाट मुक्त भएका जनाइएको छ । विदेशमा अलपत्र नेपालीको गैरआवासीय नेपाली सङ्घ, नेपाली राजदूतावास र कूटनीतिक नियोगबीचको सहकार्यमा ५८ देशबाट अलपत्र परेका ४६ हजार ३१२ जनाको उद्धार गरिएको छ । ती मध्ये सबैभन्दा धेरै संयुक्त अरब इमिरेट्स १२ हजार ५०१, साउदी अरेबिया छ हजार ९९७, मलेसियाबाट छ हजार ७९४, कुवेत छ हजार ३२९ , कतार पाँच हजार २५१, अफगानिस्तान ३३, ओमान ६३६, म्यानमार २६, थाइल्याण्ड ३२६, दक्षिण कोरिया ७२०, बङ्गलादेश ८४१, माल्दिभ्स ७०९, सिङ्गापुर २९७, हङकङ ८९, पाकिस्तान ७२, बहराइन ९८०, अमेरिका ४२३, बेलायत २२९, इजरायल १२७, चीन २०८ र टर्कीबाट ११० जना नेपाली स्वदेश फर्किएका छन् ।

## कोरोनाको.....

सत्य तथ्य जानकारी थाहा पाएका अरुलाई भनेर पनि सहयोग गर्नुपर्छ। भएका राम्रा तरिकाहरु अरुलाई पनि सिकाउनुपर्छ। नराम्रा कामहरुलाई समाजवाट नै बहिष्कार गर्नुपर्छ। यतिवेला व्यवहारमा बिपन्न बर्गलाई पदै गएको समस्या सम्बन्धित निकायहरुले छिटो छरितो ढंङगवाट अध्ययन गरि सावधान खोजेर बढ्न सक्ने भोकमारीलाई जोगाउनुपर्छ। यो कत्व्यवाट कोही पनि भाग्नु हुदैन।

## हामी....

देशकै प्रतिष्ठा बढाएको छ। यो प्रतिष्ठालाई अन्तराष्ट्रियस्तरमा नेपालका नेपालीहरु मेहनति, इमानदार र स्वाभिमानी छन् भनि प्रचार गर्न र नेपालको बिकाशमा अन्तराष्ट्रिय स्तरमा गर्न सक्ने तयारीमा नेपाल छ भन्ने प्रचार गर्न यो प्रकाशनको भुमिका रहने छ।

यो अभियाँनमा सवै नेपाली देशभक्त राष्ट्रवादी नेपालीहरुको साथ रहने बिश्वास ब्याक्त गर्दछु। जन आकाश प्रकाशनलाई आउदा दिनमा नेपालीहरुको मुखपत्र बनाउदै देशका हरेक कुना क्षेत्रमा पुऱ्याउने जर्मको गरिराखेका छौ।

## रामेछाप.......

छैटो तहका नारायण सुवेदीले कार्यक्रमलाई सव्य र सफलतापुर्वक सम्पन्न गर्नुभएको थियो। स्मरणीय बिषय के रहेको छ भने रामेछाम नगरपलिका मात्र नभएर रामेछाप जिल्लाका स्थानीय निकायहरुमा प्रशासकीय अधिकृतहरु छिटो छिटो सरुवा भईरहेका छन्। यसको कारणहरु स्थानीय निकायहरुमा निर्वाचित जन प्रतिनिधिहरु एउटै पार्टीवाट नहुने र कतिपय योजनाहरुमा बिवाद हुदा त्यसको दवाव खेप्न नसकेर प्रशासकीय अधिकृतहरु सरुवा भई जाने गरेका छन् भने कतिपय बढुवाको लागि नम्वर थप्न मात्र हिमाली जिल्लाहरुमा छोटो समयको लागि काम गर्न आउदा रामेछापका स्थानीय निकायले बिकाशका कामहरु आशा लाग्ने अवस्थामा पुऱ्याउन सकेका छैनन्।

## कोरोना.....

र हुम्लामा कोरोनाका सक्रिय संक्रमित छैनन्। देशभर सक्रिय संक्रमितको सत्त्या छ हजार ७३८ रहेको छ। पर्सा, रौटहट, महोत्तरी र काठमाडौंमा ५०० बढी सक्रिय संक्रमित उपचाररत छन्। क्वारेन्टिमा रहनेको सत्त्या १० हजार ७५९ छ। विश्वभर आजसम्म दुई करोड २६ लाख ४३४ जनामा कोरोना संक्रमण देखिएको छ। यस्तै सात लाख ३४ हजार २८ जनाले कोरोनाका कारण ज्यान गुमाएका छन्। कोरोनालाई जितेर निको हुनेको सत्त्या एक करोड २९ हजार ७८ रहेको छ।

## नौं.......

कार्यअनुभव भएको मापदण्ड तोकिएको सिञ्जा गाउँपालिका रोजगार सेवा केन्द्र प्रमुख इन्द्रराज गिरीले बताउनुभयो।

स्थानीय तहमा छनोट हुने प्राविधिक सहायकले रोजगार सेवा केन्द्र र रोजगार उपभोक्ता समूहबीच समन्वय गर्ने, आयोजनामा भएको भौतिक प्रगति तथा लाभग्राहीले पाएको पारिश्रमिक वितरण गर्ने, सार्वजनिक रोजगारी सिर्जनाका लागि स्थानीय तहलाई सहयोग गर्ने, आयोजनाको पूर्वसम्भाव्यता अध्ययन गर्ने कार्य गर्नुपर्छ।

यसैगरी स्थानीय तहमा निर्माण हुने आयोजनाहरूको सम्भाव्यता अध्ययन, डिजाइन, विस्तृत लागत अनुमान र कार्यसम्पन्न भएपछि अन्तिम मूल्याङ्कन गर्ने, प्राविधिक अनुगमन तथा सुपरिवेक्षणसहित गुणस्तरीयता कायम गराउनेलगायतका काम हुने तातोपानी गाउँपालिकाको रोजगार सेवा केन्दका प्रमुख सरीता शर्माले जानकारीदिनु भयो।

## कोरोनाको.....

लाग्दै आएको हर्जना १० लाख ४० हजार ६ सय गरी ८० लाख ६२ हजार ६ सय छुट गरेको हो। त्यसैगरी जनमुखीले ऋणको हर्जनामा २६ लाख र व्याज छुट २४ लाख गरी ५० लाख छुट गरेको व्यवस्थापनक भेषबहादुर

मिजारले जानकारी दिए। जिरीमा रहेको एकीकृत फ्रेण्डसिपले व्याज र हर्जना गरी ३४ लाख ६३ हजार छुट दिएको छ। भीमेश्वर नगरपालिका वडा नं. ६ चरिकोटमा रहेको मिलीजुली कालिञ्चोक साकोसले ३० लाख २२ हजार ६ सय छुट गरेको छ। दोलखामा लकडाउन लगत्तै मिलीजुलीले सदस्यहरुलाई छुट घोषणा गरेको प्रमुख कार्यकारी अधिकृत ईश्वर न्यौपानेले जानकारी दिए। चरिकोटमै रहेको हाम्रो जनकल्याण साकोसले २९ लाख ७० हजार छुट गरेको छ।

तामाकोसी गाउँपालिका वडा नं. १ भीरकोटमा रहेको भीमेश्वर बहुउद्देश्यीय सहकारीले २४ लाख ९८ हजार छुट गरेको छ। कालिञ्चोक गाउँपालिका वडा नं. ७ सुनखानीमा रहेको आनन्ददायक बहुउद्देश्यीय सहकारीले १६ लाख ४८ हजार छुट गरेको छ।

गौरीशंकर गाउँपालिका वडा नं. २ जुँगूमा रहेको जनउपकार साकोसले १० लाख छुट गरेको छ। चरिकोटमा रहहेको जनहित बहुउद्देश्यीय सहकारीले ९ लाख ७० हजार छुट दिएको छ भने चरिकोटकै गौरीशंकर बहुउद्देश्यी सहकारीले १२ लाख छुट गरेको छ। चरिकोटमै रहेको अर्को अर्थभूमि साकोसले ८ लाख छुट गरेको छ। अर्थभूमिले बचतमा समेत व्याज थप गरेको अध्यक्ष कृष्णप्रसाद दाहालले जानकारी दिए। त्यसैगरी बैतेश्वर गाउँपालिका वडा नं. ३ मिर्गेको जनजागरण साकोसले १ लाख ५० हजार छुट गरेको छ। जिल्ला सहकारी संघका अध्यक्ष चौलागाइँले जिल्लाभर सञ्चालित सबै सहकारीले आफ्ना सदस्यलाई छुट दिएको बताए। ठूला सहकारीहरुबाट हामीलाई छुटको तथ्यांक आएपनि साना सहकारीहरुको पनि तथ्यांक आउने क्रम जारी रहेको छ उनले भने, सबैको तथ्यांक आउँदा छुट साढे ३ करोडभन्दा बढी हुन सक्छ।

## उपत्यका प्रशासनमा अत्यावश्यक बाहेकको सेवा बन्द

काठमाडौं उपत्यकाका तीनवटा जिल्ला प्रशासन कार्यालयले आजदेखि अत्यावश्यकबाहेकका सेवा बन्द गरेका छन्। कोभिड-१९ को सङ्क्रमण बढ्दै गएपछि त्यसलाई रोक्न उपत्यकाका तीनवटै प्रशासन कार्यालयले आजदेखि सेवा बन्द गरेका हुन्। पहिलो चरणमा आगामी भदौ ८ गतेसम्म सेवा स्थगन गरिने र त्यसको अवस्थाका आधारमा पुन: अर्को निर्णय हुने काठमाडौंका प्रमुख जिल्ला अधिकारी दाहालले बताउनुभयो। बन्दाबन्दीपछि गत असार १ गतेदेखि उपत्यकाका तीनवटै प्रशासन कार्यालयले सबै सेवा नियमित गरेका थिए। काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सरोकारवाला निकायका प्रमुखसहित यही साउन २३ मा बसेको संयुक्त बैठकले उक्त निर्णय गरेको थियो। उपत्यकामा सङ्क्रमण जहाँ देखिन्छ, त्यसठाउँमा सुरक्षा निगरानी बढाउने र आवश्यकतानुसार सथानीय तहले सिल गरेर सङ्क्रमणको पहिचान गरी उपचार गर्ने गरी आवश्यक व्यवस्था समेत मिलाइएको छ सरकारी निर्णयअनुसार गत असार १ गतेदेखि आवश्यक तोकिएको स्वास्थ्य मापदण्ड कार्यान्वयन गराउने, दुई मिटरको दूरी कायम गराउने र साबुनपानीले हात धुने, मास्क लगाउन अनिवार्य गरिएको र त्यसमा अटेर गरेको पाइएमा सङ्क्रामक रोग ऐन २०२० अनुसार कारवाही हुने प्रजिअ दाहालले जानकारी दिनुभयो।

# नयाँ स्कोडा ऱ्यापिड टीएसआई नेपाली बजारमा

काठमाडौं। स्कोडाको लागि नेपालको आधिकारिक विक्रेता एमएडब्लु इन्टरप्राइजेजले नयाँ ऱ्यापिड टीएसआई नेपाली बजारमा ल्याएको छ।

नयाँ स्कोडा ऱ्यापिडलाइ पहिला १.६ एमपीआईको तुलनामा नयाँ टीएसआई इन्जिनले ५ प्रतिशत बढी पावर र १४ प्रतिशत बढी टर्क उत्पन्न गर्छ।

यसले १८.९७ किलोमिटर प्रति लिटर माइलेज दिने कम्पनीको दावी




स्कोडा सुपर्ब र स्कोडा अक्टाभिया जस्तो प्रिमियम मोडेलमा प्रयोग गरिने टीएसआई इन्जिन दिइएको छ।

नयाँ पेट्रोल टीएसआईले ११० पीएस पावर र १७५ एनएम टर्क उत्पन्न गर्छ। अघिल्लो पुस्ताको ऱ्यापिड छ। यो 'फ्युलइफिसेन्सी' पनि अघिल्लो ऱ्यापिडको तुलनामा २३ प्रतिशत बढी हो।

यसमा ४६० लिटर बराबरको 'बेस्ट-इन-क्लास' बुट स्पेस र ५५ लिटरको फ्युल ट्यांक रहेको छ। साथै, नयाँ ऱ्यापिडका सबै भेरियन्टमा 'रियर एसी भेन्ट', 'अटोमेटिक क्लाइमाट्रोनिक एसी', 'टिल्ट एन्ड टेलिस्कोपिक स्टेरिङ' उपलब्ध छ।

त्यस्तै यसमा 'पार्क ट्रोनिक रियर पार्किङ सेन्सर', 'एन्टी-ग्लेर इन्टेरियर रियर भ्यु मिरर', 'रफ रोड प्याकेज', 'फ्युल सप्लाई कट-अफ' र 'फ्लाटिङ कोड सिस्टम'सहितको 'इन्जिन इमोबिलाइजर' जस्ता सुरक्षाफिचर राखिएका छन्।

एमएडब्लुले नयाँ स्कोडा ऱ्यापिड टीएसआई १.० मा चार वर्षे सर्भिस प्याकेजको व्यवस्था गरेको छ। यसका साथै कम्पनीले चार वर्ष वा एक लाख किलोमिटर वारेन्टीको व्यवस्था समेत गरेको छ।

कम्पनीले यसको मूल्य राइडरको ३४लाख ९० हजार, राइडर प्लसको ३६ लाख ९० हजार, एम्बिसनको ४३ लाख ९० हजार, ओनिक्सको ४४ लाख ९० हजार, स्टाइलको ५० लाख ९० हजार र मोन्टे कार्लोको ५१ लाख ९० हजार निर्धारण गरेको छ।

# कोरोना संक्रमणबाट बच्नबचाउन यामाहाको सोरुममा उच्च सतर्कता

काठमाडौं। सामान्तया कोरोना संक्रमण देखियो भने सकेसम्म लुकाउने चलन छ। निजी क्षेत्रका व्यवसायिक फर्म प्रतिष्ठानहरुका कुनै कर्मचारीहरुमा कोरोना देखियो भने त झन् सकेसम्म बाहिर थाहा हुनै दिँदैनन्। कोरोना संक्रमणबाट सतर्क हुनका लागि पनि यदि कसैलाई कोरोना लागेको छ भने जानकारी दिनुपर्छ। तर, व्यवसायमा असर पर्ला कि भनेर धेरै प्रतिष्ठानहरुले सूचना लुकाउँछन्। तर, एमएडब्लू भने फरक देखियो। एमएडब्लुको कार्यालयमा गत आइतबार एक जनामा कोरोना संक्रमण देखियो। संक्रमण देखिएपछि कर्मचारीहरु सबैको पीसीआर परीक्षण गरियो। थप ५ जनामा कोरोना देखियो। यो कुरा कम्पनीले लुकाएन। संक्रमितहरु सबैलाई आइसोलेसनमा उपचारका लागि पठाएर काठमाडौं महानगर पालिकाको सहकार्यमा कार्यालयमा स्यानिटाइज गर्यो।कोरोना संक्रमण फैलन नदिन उच्च सतर्कता अपनाएको यो कम्पनीले अहिले पनि सीमित कर्मचारीहरुमात्रै राखेर कार्यालय सञ्चालन गरिरहेको छ। कम्पनीको एउटा कार्यालयमा मात्रै कोरोना देखिएको थियो। अर्थात् कम्पनीका सो-रुमहरुमा भने कुनै त्यस्तो संक्रमण देखिएको छैन। सुरक्षा सतर्कता भने सबै सो-रुमहरुमा उच्च अपनाइएको छ। अहिले यस कम्पनीको यामाहा सो(रुममा जाने जोकोही ग्राहकले पनि पूर्ण सुरक्षित महशुस गर्न सक्छन्। जुन दृश्य हामीले पनि स्थलगत अवलोकनका क्रममा देख्यौं। बिहीबार यामाहाको सो-रुम त्रिपुरेश्वरमा पुग्दा त्यहाँ उच्च सतर्कता अपनाइएको थियो।शोरुमको मूख्य प्रवेशद्वारमा नै कोरोना संक्रमणबाट जोगिनका लागि सचेतना मूलक पोस्टर टाँसिएको छ। त्यहाँ पस्ने ग्राहकहरुलाई सचेत बनाउन त्यसले पनि केहि ज्ञान दिन्छ। प्रवेशद्वारबाट भित्र पस्ने बित्तिकै सुरक्षार्थ खटिएका गार्डले आगन्तुकको तापक्रम नाप्छन्। तापक्रम ठीक भएको अवस्थामा मात्रै भित्र पस्न पाउँछन्। यदि कोहि शंकास्पद देखिएमा सुरक्षा गार्डले भित्र नपस्न आग्रह गर्नेछन्। तापक्रम नापेर ठीक छ भनेपछि गेट भित्र खुट्टाबाट चल्ने स्यानिटाइजर राखिएको छ। जसले हातमा खतरा महशुस गराउँदैन।नजिकै फेस मास्क राखिएको छ। प्रवेश गर्ने कर्मचारीहरु पनि आफूले लगाएको मास्क नजिकैको डस्टवीनमा फालेर फ्रेस मास्क लगाएर मात्रै भित्र पस्छन्।

भित्र पनि न्युनतम दूरी कायम हुन्छ।

तर, एक जनाले छुइसके पछि स्यानिटाइज गरिहालिने भएका कारण यसबाट पनि डराउने पर्ने अवस्था नभएको सीईओ शाह बताउँछन्।सीईओ साहका अनुसार एमएडब्लुको टु(ह्विलर डिभिजनको त्रिपुरेश्वरस्थित मल्ल कम्प्लेक्सको तेस्रो तल्लामा रहेको 'ब्याक अफिस'मा गत आइतबार कोरोनाको एउटा केस देखिएको थियो। त्यसपछि डराउने पर्ने अवस्था नरहेको बताए।

'एमएडब्लुले सदा थप सावधानी अपनाउँदै आएको छ, हाम्रा ग्राहक, कर्मचारी र नजिकको समुदायको स्वास्थ्य र सुरक्षालाई पहिलो प्राथमिकता दिन्छौं' अग्रवालले भने, 'एमएडब्लुले धेरै पहिलेदेखि अनलाइन मिटिङको अभ्यास थालिसकेका छौं, अनावश्यक प्रवेश र चहलपहलमाथि रोक लगाइसकेका छौं।'कम्पनीमा कार्यरत



गराउनका लागि मार्किङ गरिएको छ। कर्मचारीहरु पनि एकदमै सतर्क छन्। कर्मचारीहरु सबैले उच्च सतर्कता अपनाएका छन्। मास्क मात्रै होइन आँखा छेक्नका लागि ग्लास समेत लगाएका छन्। कर्मचारीहरु सबैको हातमा ग्लोब्स छ। आएका ग्राहकहरुलाई पनि दूरी कायम गराएरमात्रै बस्न दिइन्छ। त्यहाँको दृश्य हेर्दा यस्तो छ कि यहाँ जत्ति अन्त सतर्कता अपनाइएको छैन। उच्च सतर्कता अपनाएका कारण त्यहाँ कुनै ग्राहकले असुरक्षित महशुस गर्नै नपाउने यामाहा टु ह्लिर्स डिभिजनका प्रमुख कार्यकारी अधिकृत (सीईओ) चिरञ्जीवि शाह बताउँछन्। आएका ग्राहकहरुले मोटरसाइकल तथा स्कुटर छुने भइहाले। एक जनाले छोएको ठाएँमा अर्कोले छुदा संक्रमण भए सर्ने जोखिम उनीसँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सम्पर्कमा आउनु भएका कर्मचारीहरुको ट्रेसिङ गरेर अफिसमा आएका कर्मचारी गरी ५१ जनाको पीसीआर टेस्ट गराएकोमध्ये पाँच जनामा पोजेटिभ देखियो। 'तर, सोरुमका कुनै कर्मचारीमा कोरोना देखिएको छैन। 'हामीले दुई दिन अफिस पूर्ण रुपमा बन्द गऱ्यौं र काठमाडौं महानगर पालिकाबाट स्यानिटाइज गराइसकेका छौं, अहिले २५ प्रतिशत कर्मचारीबाट सुरक्षाका सबै प्रोटोकल पालना गरी काम गरिरहेका छौं' सीईओ शाहले भने। 'सुरक्षा नै पहिलो प्राथमिकता' कम्पनीका म्यानेजिङ डाइरेक्टर विष्णु अग्रवाल अहिले सबैभन्दा पहिला सुरक्षालाई प्राथमिकतामा राखिएको बताउँछन्। उच्च सतर्कता अपनाएर सो-रुमहरु खोलिएको भन्दै उनले अहिले सबै कर्मचारीहरुको कोभिड(१९ बीमा गराइसकेको समेत उनले जानकारी दिए। स्वास्थ्य सतर्कता अपनाउनका लागि कम्पनीले आफ्नै मापदण्डहरु समेत बनाएको छ। विश्व स्वास्थ्य संगठनले बनाएका मापदण्डहरु सबै पालना गरिरहेको र त्यसका अतिरिक्त थप केहि मापदण्डहरु बनाएको कम्पनीले जनाएको छ। कोरोनाबाट जोगिनका लागि कम्पनीमा कार्यरत कर्मचारीहरुको मोवाइल समेत स्यानिटाइज गर्ने गरिएको छ। बाहिर खाजा खान जान पाइँदैन। कर्मचारीहरुले घरबाटै खाजा बोकेर आउनु पर्नेछ भने खाजा एक अर्कामा बाँडेर समेत खान मिल्ने छैन। सुरक्षाका विषयमा आफूहरु सचेत रहेको भन्दै उनले सो-रुममा आउन डराउनु पर्ने अवस्था नरहेको बताए।

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस